# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## आठबिसकोट नगरपालिका

### रुकुम (पश्चिम भाग)





**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## आठबिसकोट नगरपालिका

## रुकुम (पश्चिम भाग)




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## आठबिसकोट नगरपालिका

### रुकुम (पश्चिम भाग)

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश

पत्र संख्याः २०७८।७९
च.नं. ५२ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख ज्यू,
आठबिसकोट नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
रुकुम पश्चिम भाग ।

**कैफियत सहितको राय**

हामीले आठबिसकोट नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू २ करोड ८९ लाख ३५ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु ५० लाख ६७ हजार फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. १२ लाख ३३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ६९ लाख ०८ हजार, नियमित गर्नुपर्ने रु १ करोड ४३ लाख ५२ हजार र पेश्की रू. १३ लाख ७५ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु १९ करोड ७९ लाख ५७ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु १५ करोड ७१ लाख ३४ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य

प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(.....................)
नायब महालेखापरीक्षक

आठबिसकोट नगरपालिका, रुकुम पश्चिम

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ३८ | २० | २८९३५ | ० | २ | ५०६७ | ३८ | १८ | २३८६८ | १२३३ | १४३५२ | ६९०८ | ० | ० | २१२६१ | १३७५ |

### १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. (हजारमा) |
|---|---|---|---|
| १ | ६० | भेरिएसन आदेश जारी भएको प्रमाण पेश (सहिद स्मृति मावि भवन निर्माण) | १४६६ |
| २ | १५ | कार्यसम्पन्न प्रतिबेदन (सरस्वती मावि मिङ्ग्रीको ४ कोठे भवन निर्माणको कार्य सम्पन्न प्रतिबेदन पेश) | ३६०० |
| | जम्मा | | ५०६६ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| आठबिसकोट नगरपालिका रुकुम पश्चिम | १९७९५७ | ० | ६४६९१ | १३३२६६ | ० | २३८६८ | १५७१३४ |

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : आठबिसकोट नगरपालिका, रुकुम , आठबिसकोट नगरपालिका , रुकुम पश्चिम भाग

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Mani Raj Shah | २०७८-५-२१ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | Dhruba Prasad Lamsal | २०७६-११-१२ | २०७८-५-२० |
| लेखा प्रमुख | Ganesh Bahadur Thapa | २०७६-११-१२ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | २३,८६८,१९९.०३ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ६,५४,३३,४६५.५९ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ६४,५८,३४,२५० | **चालु खर्च** | ६२,५६,६५,५५८.१५ |
| **प्रदेश सरकारबाट अनुदान** | ६,५९,४८,००० | **पूँजीगत खर्च** | ३८,७८,८२,७३०.३ |
| **राजश्व बाँडफाँट** | ११,६२,८७,४८८.५६ | **वित्तीय/अन्य व्यवस्था** | २,७६,६७,२२६.५१ |
| **आन्तरिक आय** | २,७९,८५,६९६.४३ | | |
| **अन्य आय** | २१,५३,३८,३८०.४५ | | |
| **कुल आय** | १,०७,१३,९३,८१५.४४ | **कुल खर्च** | १,०४,१२,१५,५१४.९६ |
| **बाँकी मौज्दात** | | ९,५६,११,७६६.०७ | |

| **क्रम** | **भौचर नम्बर** | **भौचर मिति** | **बिषय** | **बेरुजु रकम** |
|---|---|---|---|---|
| १ | | | **परिचय** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस आठविसकोट नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १४ वडा,७५ सभा सदस्य, ५०६ वर्ग किलोमिटर क्षेत्रफल तथा ३८ हजार जनसंख्या रहेको छ । | |
| २ | | | **वित्तिय विवरण**<br><br>म ले प फा नं २७२<br><br>आठबिसकोट नगरपालिका प्राप्ती भुक्तानी हिसाव | |

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ८७,९९,४४,४०८.८७ | ८७,२४,८३,७२७.७० | | ८७,२४,८३,७२७.७० | ७१,७५,३९,३१३.३६ | | ७१,७५,३९,३१३.३६ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ८५,७१,९४,४९० | ८१,९०,९२,६७९.३३ | ० | ८१,९०,९२,६७९.३३ | ६५,८८,२७,५७५.२३ | ० | ६५,८८,२७,५७५.२३ |
| ११००० कर | ११ | १३,७७,४५,२४० | १२,६२,०३,२५२.७५ | ० | १२,६२,०३,२५२.७५ | ११,९३,६७,३३१.२३ | ० | ११,९३,६७,३३१.२३ |
| १३००० अनुदान | | ७०,३३,०९,२५० | ६७,३३,१६,१६०.४७ | ० | ६७,३३,१६,१६०.४७ | ५३,१७,०७,३५० | ० | ५३,१७,०७,३५० |
| संघीय सरकार | १२ | ६२,७१,६५,२५० | ६०,७५,३७,२६४.४७ | ० | ६०,७५,३७,२६४.४७ | ४६,७१,३९,३५० | ० | ४६,७१,३९,३५० |
| प्रदेश सरकार | १२ | ७,६१,४४,००० | ६,५७,७८,८९६ | ० | ६,५७,७८,८९६ | ६,४५,६८,००० | ० | ६,४५,६८,००० |
| १४००० अन्य राजस्व | | १,५४,६०,००० | १,४२,५९,९६०.२९ | ० | १,४२,५९,९६०.२९ | ७७,५२,८९४ | ० | ७७,५२,८९४ |
| १५००० विविध प्राप्ति | | ६,८०,००० | ५३,१३,३०५.८२ | ० | ५३,१३,३०५.८२ | ० | ० | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ख. अन्य प्राप्ति | | २,२७,४९,९१८.८७ | ५,३३,९१,०४८.३७ | | ५,३३,९१,०४८.३७ | ५,८७,११,७३८.१३ | | ५,८७,११,७३८.१३ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | २,२७,४९,९१८.८७ | २,५७,२५,८१४.३७ | ० | २,५७,२५,८१४.३७ | ३,२१,९४,५८३.१३ | ० | ३,२१,९४,५८३.१३ |
| धरौटी | | ० | २,७६,६५,२३४ | ० | २,७६,६५,२३४ | २,६५,१७,१५५ | ० | २,६५,१७,१५५ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ९१,१०,०२,१६०.८७ | ८५,९३,८७,८४३ | | ८५,९३,८७,८४३ | ६९,३३,७५,४२९.३९ | | ६९,३३,७५,४२९.३९ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ८८,८२,५२,२४२ | ८१,४६,३५,३९६.१५ | | ८१,४६,३५,३९६.१५ | ६६,६०,८०,४११.७९ | | ६६,६०,८०,४११.७९ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १७,३५,७३,००० | १६,८३,०६,८५९.०३ | ० | १६,८३,०६,८५९.०३ | १६,०५,११,०९४.६१ | ० | १६,०५,११,०९४.६१ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १५,४३,७१,००० | १३,८३,२२,८५१.७६ | ० | १३,८३,२२,८५१.७६ | ११,०९,४१,९६७.१२ | ० | ११,०९,४१,९६७.१२ |
| २५००० सहायता (Subsidy) | १८ | ० | ० | ० | ० | ३६,६०,००३ | ० | ३६,६०,००३ |
| २६००० अनुदान | १८ | १७,६९,०१,२५० | १६,६८,६४,२५९.३६ | ० | १६,६८,६४,२५९.३६ | २४,१५,३३,६७६.८६ | ० | २४,१५,३३,६७६.८६ |
| २७००० सामाजिक सुरक्षा | १८ | २,५५,५९,००० | २,४८,७३,८८६ | ० | २,४८,७३,८८६ | १,५७,७०,४३८.२० | ० | १,५७,७०,४३८.२० |
| २८००० अन्य खर्च | १८ | ५८,३५,००० | ५१,११,१०९ | ० | ५१,११,१०९ | ४७,७८,५६६ | ० | ४७,७८,५६६ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ३५,२०,१२,९९२ | ३१,११,५६,४३१ | ० | ३१,११,५६,४३१ | १२,८८,८४,६६६ | ० | १२,८८,८४,६६६ |
| घ. अन्य भूक्तानी | | २,२७,४९,९१८.८७ | ४,४७,५२,४४६.८५ | | ४,४७,५२,४४६.८५ | ६९,३३,७५,४२९.३९ | | ६९,३३,७५,४२९.३९ |
| कोषहरु | | २,२७,४९,९१८.८७ | १,७०,९५,२२०.३४ | ० | १,७०,९५,२२०.३४ | १,७९,६८,९८५.६० | ० | १,७९,६८,९८५.६० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| धरौटी | | ० | २,७६,५७,२२६.५१ | ० | २,७६,५७,२२६.५१ | ९३,२६,०३२ | ० | ९३,२६,०३२ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | (३,१०,५७,७५२) | १,३०,९५,८८४.७० | | १,३०,९५,८८४.७० | २,४१,६३,८८३.९७ | | २,४१,६३,८८३.९७ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ४,५४,५९,७९१.९३ | | ४,५४,५९,७९१.९३ | २,६५,८७,०८१.५५ | | २,६५,८७,०८१.५५ |
| यो वर्षको बचत (न्यनु) | | (३,१०,५७,७५२) | १३०९५८८४.७० | | १३०९५८८४.७० | २४१६३८८३.९७ | | २४१६३८८३.९७ |
| गत वर्षको जिम्मेवारी रकम (अल्या) | | | ४५४५९७९१.९३ | | ४५४५९७९१.९३ | २२६५८७०८१.५५ | | २२६५८७०८१.५५ |
| बैंक तथा नगद बाकी | २४ | (३,१०,५७,७५२) | ५,८५,५५,६७६.६३ | | ५,८५,५५,६७६.६३ | ५०७५०९६५.५२ | | ५०७५०९६५.५२ |

कार्यालय सञ्चालन

| क्र स | कोषको नाम | गत वर्षको बाँकी | यो वर्षको आय | खर्च | बाँकी |
|---|---|---|---|---|---|
| १ | प्रकोप व्यवस्थापन कोष | ० | २०२४८४८९.८७ | १४४८५००० | ५६००८१२.५३ |
| २ | मर्मत सम्भार कोष | ० | ५०१२१६७ | २६०९४८५ | २४०२६८२ |
| जम्मा | | ० | २२७४९००० | १७०९४००० | ५६५३००० |
| | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

राजस्व दाखिला

| क्र स | शिर्षक | असूली | दाखिला | | |
|---|---|---|---|---|---|
| १ | बेरुजू | ३००० | ३००० | | |
| जम्मा | | ३००० | ३००० | | |
| | | | | | |

CGAS

| क्र सं | बजेट शिर्षक | बजेट | निकासा | खर्च |
|---|---|---|---|---|
| १ | सामाजिक सुरक्षा तथा संरक्षण (३१४०१०१२३) | ११७३३९७६८ | ११६१७५९९० | ११६१७५९९० |
| २ | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम (३७०००११६४) | ३६३२६००० | १४८९६३५४ | १४८९६३५४ |
| ३ | स्थानीय तह प्रशासकीय भवन निर्माण (३६५०११११४) | ५०००००० | ० | ० |
| ४ | भूमी व्यवस्था कृषी तथा सहकारी मन्त्रालय (३१२०००११३) | १४५००० | ० | ० |
| ५ | सामाजिक विकास मन्त्रालय (३५००००११३ | १०००००० | १०००००० | १०००००० |
| ६ | मुख्यमन्त्री रोजगार, उद्यमशिलता तथा आयआर्जन कार्यक्रम (पूर्वाधार विकास) | ३५८२१००० | ३५०६३०५४ | ३५०६३०५४ |
| ७ | मुख्यमन्त्री रोजगार, उद्यमशिलता तथा आयआर्जन कार्यक्रम (कर्मचारी प्रोत्साहन तथा पुरस्कार) | १०५००० | १०४९३० | १०४९३० |
| ८ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय (३१४०००११३) | ५०००००० | ४२९०००० | ४२९०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| जम्मा | २००७३६७६८ | १७१५३०३२८ | १७१५३०३२८ |

**वित्तीय विवरण**–स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः

- पालिकाले पेश गरेको वित्तिय विवरणमा सिगास प्रणालीबाट निकासा भई खर्च भएको रु **१७१५३०३२८** र विभिन्न कोषको गतको मौज्दात समेत कुल आय रु.२२७४९००० भई रु १७०९४००० खर्च भई बाँकी रु ५६५३००० समावेश छैन । साथै संघीय राजश्व तर्फको असुली तथा दाखिला रु .३००० को कारोबार समावेश छैन।

- नगरपालिकाले पालिका र अन्तर्गतका सम्पुर्ण वडा समेतको सबै सम्पत्तिको मूल्याङन गरी लेखाङकन नगरेको कारण पालिकाको सम्पुर्ण सम्पत्तिको उल्लिखित वित्तिय विवरणमा समावेश देखिदैन ।

त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३ | | | **लेखापरीक्षणका क्रममा असुली** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पारीश्रमिक कर वापत रु १४१७० अग्रिमकर बापत रु २१२११ र सामाजिक सुरक्षा भत्ता बापतको दाखिला रकम रु ६६१४७१ समेत जम्मा ६९६८५२ दाखिला भएको छ ।</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>कन्टेन्जेन्सी कट्टी<br><br>मुख्यमन्त्री रोजगार कार्यक्रम संचालन कार्यविधि २०७८ को परिच्छद ५ को विविध शिर्षक अन्तर्गत कार्यविधि बमोजिम संचालन कन्टिजेन्सी खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । कार्याविधिले आयोजनामा विनियोजित बजेटको बढीमा २ प्रतिशत रकम कन्टिजेन्सी खर्चमा प्रयोग गर्नसक्ने व्यवस्था छ । नगरपालिकाले मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको कुल बजेटको २ प्रतिशतले कन्टिजेन्सी वापत हुन आउने रकम रु. ७,१६,४२० खर्च गर्नुपर्नेमा रु. १६,५०,१७१ (अनुगमन तथा भ्रमण भत्ता र मसलन्द खरिदमा) खर्च गरेको छ । यसरी कार्यविध अनुसार कट्टि गरेको कन्टिजेन्सी रकम भन्दा बढी खर्च भएको कार्यविधि अनुकुल नदेखिएकोले नियमित हुनुपर्ने रु .<br><table><tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr><tr><td>४.१</td><td>आठविसकोट नगरपालिका</td><td>९,३३,७५१</td></tr><tr><td>४.२</td><td>आठविसकोट नगरपालिका</td><td>९,३३,७५१</td></tr></table></td><td>९३३,७५१</td></tr>
<tr><td>५</td><td></td><td></td><td>खाना तथा विविध खर्च<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.२३७५००० खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>आर्थिक सहायता<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेदैन । पालिकाले यो वर्ष रु २१ लाख ७० हजार आर्थिक सहायता तथा राहत रकम यो वर्ष ११५ व्यक्ति एवं संघ संस्थालाई आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>मूख्यमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन</td><td>३,१६८,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>(क) मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को उद्देश्य नै स्थानीयस्तरमा रोजगारीको अवसर श्रृजना गर्ने, कोभिड १९ ले रोजगारी गुमाएकाको जीविकोपार्जनमा सुधार गर्ने, गरिबी निवारणमा योगदान पुऱ्याउने, खाद्य सुरक्षा परिपूर्तिमा सहयोग गर्ने र कृषि उत्पादकत्व बृद्धि गर्ने रहेका छन् । तर पालिकाले कार्यक्रम सञ्चालन गर्दा निम्नानुसारका नियम एवं विधिलाई अबलम्बन गरेको पाइएन ।<br>(ख) मुख्यमन्त्री रोजगार कार्यक्रममा हेभी साधन प्रयोग गर्नुपर्ने अवस्थाको प्राविधिक पुष्ट्याई सहित वडाको सहमति र पुष्ट्याई गर्नु पर्नेमा सोको समावेश भएको छैन । ¬ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा एक्साभेटर र डोजर जस्ता हेभी मेसिनको प्रयोग गर्न सकिने छैन भनी उल्लेख भएको छ । साथै लागत अनुमान तयार गर्दा हेभी मेसिन प्रयोग गर्नुपर्ने जटील प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्तो मेसिन प्रयोग गर्न सकिने तर यसै नियमको उप-नियम ९ को प्रतिबन्धात्मक वाक्यांशमा यस नियम बिपरित हेभी मेसिन प्रयोग भए त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायको समयमै सम्झौता रद्ध गर्ने सम्मको प्रावधान रहेको छ । ¬ उपनियम १० मा उपभोक्ता समितिले काम गर्न नसकेमा सो को सूचना सार्वजनिक निकायलाई दिनुपर्ने र सार्वजनिक निकायले सम्झौता तोडी बाँकी काम ऐन नियम बमोजिम गराउनु पर्ने सम्मका प्रावधान रहेको अवस्थामा पालिकाले निम्नानुसारका कार्यहरु एक्साभेटर र डोजर लगाएर फरक-फरक दर रेटमा गरेको हुँदा नियमावली एवं कार्यविधिको पालना गरेको नदेखिएकोले नियमित हुनुपर्ने रु<br>(ग) मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को वुँदा नं ३ मा उल्लेखित उद्देश्य प्राप्त गर्न वुँदा नं ४ मा उल्लिखत प्रावधानमा रहि अनुसुचि १ अनुसार उल्लेखित लघु जलविद्युत विकाससँग सम्वन्धित आयोजनामा न्यूनतम ५० प्रतिशत श्रम हुनु पर्ने र अन्य कृषि पुर्वाधार, सडक खानेपानी लगायत ८ क्षेत्रमा सञ्चालन हुने आयोजना ७० प्रतिशत श्रममा आधारित रहि रोजगारीका अवसर श्रृजना गर्नु पर्ने व्यवस्था छ । पालिकाले स्विकृत गरेको कार्यक्रम सम्पन्न गर्न स्विकृत भएको लागत अनुमान अनुसार ३० प्रतिशत भन्दा वढी हुने गरी पूँजिउन्मुख मालसामान खरिद, स्क्याभेटर प्रयोग, सवारी साधन प्रयोग गरी ढुवानी गर्ने जस्ता कार्य तथा खरिद समावेश भएको देखियो । जसले वास्तविक रोजगारी श्रृजना नभई उपभोक्ता समितिले पूँजिगत प्रकृतिका कार्य गर्न सहायक रुपमा ठेक्का व्यवस्थापन गरी कार्य सम्पन्न गरेको व्यहोरा विलभरपाई परिक्षणवाट देखिन्छ । साथै उपभोक्ता समितिले पेश गरेका विलभरपाईमा उल्लेखित पूँजिगत सामानको मुल्य पालिकाको दररेट भन्दा वढी उल्लेख भएको तथा प्रयोग गरेको परिमाण समेत नापि कितावसँग भिडान हुने देखिदैन । वास्तविक रोजगारी श्रृजना हुने गरी कार्यविधिमा तोकेअनुसार कार्यक्रम छनौट गरी अपेक्षित उपलव्ध हासिल गर्नु पर्दछ ।<br><table><tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr><tr><td>७.१</td><td>आठविसकोट नगरपालिका</td><td>३१,६८,०००</td></tr></table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ७.२ \| आठविसकोट नगरपालिका \| ३१,६८,००० | |
| ८ | | | **प्रकोप व्यवस्थापन**<br><br>कार्यालयमा आकस्मिक रुपमा आइपर्ने सडक अवरोध हटाउने र वर्षातको समय पश्चात सडक, बाटहरु सोरपुछ(सरसफाई) गरी बाटो सञ्चालन गर्ने कार्यमा कार्यालयमै रहेको स्काभेटर(डोजर) २ (दुई)लाई र चालकहरुलाई समेत परिचालन गरी खर्च नियन्त्रण गर्नुपर्ने देखिन्छ । कार्यालयमा रहेका दुई स्काभेटर यन्त्र उपकरणलाई खासै धेरै परिचालन नगरी स्काभेटर ब्रेकर व्यवसायीहरुलाई कार्यालयकै मेसिनबाट गर्न गराउन सकिने कार्य समेत गराएको देखिएकोले यस्ता प्रकृतिका टुक्रे कार्य स्काभेटर व्यवसायीबाट नगरी कार्यालयकै स्काभेटरबाट गरी गराई यन्त्र उपकरण परिचालन गरी खर्च नियन्त्रण गर्नुपर्ने देखिन्छ ।<br>• सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा वार्षिक बजेट र कार्यक्रम अनुसार खरिद विधि छनौट गर्ने व्यवस्था रहेको छ, साथै दफा ८ को उपदफा २ मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा हुने गरी खरिद गर्न नुहुने व्यवस्था रहेको छ ।<br>• पालिकाले नगर प्रहरीहरु मार्फत निम्नानुसार स्काभेटर व्यवसायीहरुबाट पटकपटक गरी सडक बाटो सोरपुछ गरेको र उक्त कार्यहरु मर्मत गराउँदा पनि स्थानीय निकायको जिल्ला दररेट भन्दा बढी समेत भुक्तानी गर्ने गरेको हुँदा स्थानीय निकायले तय गरेको दररेट अनुसार भाडा भुक्तानी हुनुपर्ने देखिन्छ, साथै कति घण्टा के-कति दरमा भुक्तानी भएको हो सो समेत नखुलाई एक मुस्ट बिल रकम भुक्तानी हुनाले स्थानीय निकायको दररेट अनुसार नै भुक्तानी भएको छ भनी एकीन गर्न सकिएन । | |
| ९ | | | **आन्तरिक लेखापरीक्षण**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७८।७९ को सम्पूर्ण आर्थिक कारोबार मध्ये प्रदेश तर्फ रु. ४०४५७९८४ को आन्तरिक लेखापरीक्षण भएको छ भने संघीय कार्यालय सरकार अनुदान तर्फ सामाजिक सुरक्षा तर्फको रु.११६१७५९९० लेखापीक्षण प्रतिवेदन प्राप्त भएको छ । बाँकी कारोवारको आन्तरिक लेखापरीक्षण गराएको छैन । पालिकाले आन्तरिक लेखापरीक्षणको लागि १ दरवन्दी भएकोमा पदपुर्ति भएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन रिक्तत दरबन्दी पदपूर्ति गरी आन्तरिक लेखापरीक्षण गराउनुपर्दछ । आन्तरिक लेखापरीक्षण गरेको समयमा प्रतिवेदन हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **न्यायिक समिति**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विमद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १० र यो बर्ष थप भएको १४ गरी कुल २४ विवाद दर्ता भएकोमा १० वटा फछ्र्यौट भई ३ वटा जिल्ला अदालतमा सिफारिस भइ ११ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ११ | | | **जिन्सी दाखिला**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को परिच्छेद १० मा प्रत्येक कार्यालयले चालु आर्थिक वर्षमा खरिद गरेका तथा विगतमा खरिद गरिएका मालसामानको स्फेसिफिकेसन मालसामानको मूल्य खुलाई जिन्सी निरीक्षण किताबमा प्रविष्टि गरिने व्यवस्था रहेको छ। नगरपालिकाले गो भौ नं २४२।२०७८।९।२१ मा सुर्य काष्ठ उद्योग बाट विजक नं ४० र ४१ बाट खरिद गरिएका निम्न मालसामानहरुको जिन्सी दाखिला किताबमा प्रविष्टि गरेको नदेखिएको म.ले.प जिन्सी आम्दानी हुनुपर्ने रु | ३०७,१०० |

| क सं | सामानको विवरण | परिमाण | दर | मूल्य |
|---|---|---|---|---|
| १ | कम्प्यूटर टेबल | २ | ६८०० | १३६०० |
| २ | फम वाला कुर्सी | १५ | ४५०० | ६७५०० |
| ३ | काठको प्रबन्धक टेबुल | १ | २८००० | २८००० |
| ४ | काठको फूल अफिस टेबल | ३ | २५००० | ७५००० |
| ५ | सोफा सिसाको | ५ | ४५०० | २२५०० |
| ६ | स्टील ऱ्याक | १० | ८९०० | ८९००० |
| ७ | काठको अफिस टेबल | १ | ११५०० | ११५०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | |
|---|---|---|---|
| जम्मा | | | ३०७१०० |

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ११.१ | आठविसकोट नगरपालिका | ३,०७,१०० |
| ११.२ | आठविसकोट नगरपालिका | ३,०७,१०० |

१२

**जग्गा खरिद**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने कार्यनीति, २०७१, वन क्षेत्रको जग्गा प्रयोगको सन्दर्भमा प्रचलित वन कानुन अनुसार राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको लागि नेपाल सरकारको निर्णय र स्थानीय तहले निजी जग्गा प्राप्ति गर्नुपरेमा जग्गा प्राप्ति ऐन, २०३४ अनुसार स्थानीय तहले सरकारी जग्गा संरक्षण, सरकारी जग्गा दर्ता तथा लिजमा लिने, वन क्षेत्रको जग्गा प्रयोग गर्ने तथा निजी जग्गा प्राप्ति गर्ने व्यवस्था छ । नगरपालिकाले यो वर्ष जग्गा प्राप्ति ऐन बमोजिम नभै आफै जग्गा खरिद सम्बन्धित कार्यविधि तयार गरी कार्यपालिकाको निर्णयानुसार निम्न बमोजिम जग्गा खरिद गरेको पाइयो।

| क्र सं | जग्गा खरिद भएको स्थान | क्षेत्रफल | प्रयोजन | खरिद मुल्य | बिक्रेताको नाम | स्वामित्व | खरिद प्रक्रिया |
|---|---|---|---|---|---|---|---|
| १ | आ न पा ११ | ४०० बर्ग मिटर | बिधालयको भवन निर्माण | २,००,०००। | राम बहादुर बुढा | श्री शितल आवि गोईरी | सूचना प्रकाशन गरि खरिद प्रस्ताव आहवान गरी |
| २ | आ न पा ११ सिमबजरा | ३०५ वर्ग मिटर | नगर स्तरिय महिला सेभ हाउसको | २१,००,०००। | राजेन्द्र विक | आठबिसकोट न पा | सुचना प्रकाशन गरी खरिद |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | निर्माण गर्नको लागी | | | | आहवान प्रकाशन गरी |
| ३ | आ न पा ०८ | ७०० वर्ग मिटर | बिधालयको खेल मैदान बनाउने | ४,००,०००। | पन्चराम पुन | श्री सिर्जना आबि घर्तिगाउँ | सुचना प्रकाशन गरि खरिद प्रस्ताव आहवान गरी |
| ४ | आ न पा १० | १७०० वर्ग मिटर | विधालय प्रयोजन | ५,००,०००। | अने नेपाली | श्री जनता मावि झिनचौर | सूचना प्रकाशन गरी खरिद प्रस्ताव आहवान गरी |
| ५ | आ न पा ०५ | ११३५ वर्ग मिटर | वडा कार्यलयको भवन तथ खेलमैदान निर्माण | ६,००,०००। | | श्री आठबिसकोट न पा ५ नं वडा कार्यलय | ५ नं वडा समितिको बैठकको निर्णयअनुसार सुचना प्रकाशन गरी खरिद |
| ६ | आ न पा ०९ | २१२ वर्ग मिटर | श्री सहिद स्मृति नमुना माविको भवन | १५,९०,०००। | जानकी शाह, भक्त वहादुर शाह, कर्ण बहादुर पुन ,धिरेन्द्र जंग शाह | श्री शहिद स्मृति नमुना मा वी | सूचना प्रकाशन गरी खरिद आहवान प्रस्ताव गरी |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ७ | आ न पा ०९ | ३६० वर्ग मिटर | नगर कार्यपालिकाको प्रशासनिक भवन निर्माण | २७,००,०००। | गंगा शाह | आठबिसकोट नगरपालिकाको कार्यलय | सूचना प्रकाशन गरी खरिद प्रस्ताव आहवान गरिएको | |
| | | | ८ | आ न पा ०९ | ४८० वर्ग मिटर | नगर कार्यपालिकाको प्रशासनिक भवन निर्माण | ३६,००,०००। | गंगा कुमारी शाही | आठबिसकोट नगरपालिकाको कार्यलय | सूचना प्रकाशन गरी खरिद प्रस्ताव आहवान गरिएको | |
| | | | ९ | आ न पा ०९ | १९५ वर्ग मिटर | नगरपालिकाको प्रशासनिक भवन निर्माण | १४,६२,५००। | प्रसाटे बटला | आठबिसकोट नगरपालिकाको कार्यालय | सूचना प्रकाशन गरी खरिद प्रस्ताव आहवान गरिएको | |
| | | | १० | आ न पा ०९ | १२० वर्ग मिटर | नगर कार्यपालिकाको प्रशासनिक भवन निर्माण | ९,००,०००। | परविर खत्री | आठबिसकोट नगरपालिकाको कार्यलय | सूचान प्रकशन गरि खरिद प्रस्ताव आहवान गरिएको | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>११</td><td>आ न पा ०९</td><td>२०० वर्ग मिटर</td><td>नगर कार्यपालिकाको प्रशासनिक भवन</td><td>१५,००,०००।</td><td>गंगाराम गौतम</td><td>आठबिसकोट नगरपालिकाको कार्यालय</td><td>सूचना प्रकाशन गरी खरिद प्रस्ताव आहवान गरिएको</td></tr>
<tr><td>१२</td><td>आ न पा ०९</td><td>५१५ वर्ग मिटर</td><td>राडि ज्युला शिक्षा क्याम्पसको प्रयोजनको लागी</td><td>५०,००,०००।</td><td>उषा सिंह</td><td>श्री राडि ज्यूला शिक्षा क्याम्पस आठबिसकोट न पा ०९ रुकुम पश्चिम</td><td>सूचना प्रकाशन गरि खरिद प्रस्ताव आहवान गरिएको</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>स्यानेटरी प्याड<br><br>सरकारबाट घोषित कार्यक्रम तोकिएको प्रावधान बमोजिम कार्यान्वयन हुनुपर्दछ। विद्यालय जाने किशोरीहरुको लागि निशुल्क स्यानेटरी प्याड वितरण कार्यक्रम अन्तर्गत कार्यालयले यो वर्ष झरणा इन्टरप्राइजेज सँग रु ६,५८,५०७ को १८५०० थान स्यानेटरी प्याड खरिद गरेकोमा लेखापरीक्षण अवधिसम्म मौज्दात रहेको पाइयो । मौज्दात रहने गरी खरिद नगरी उक्त कार्यक्रम कार्यान्वयन हुनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>जग्गाको स्वामित्व<br><br>नगरपालिका बाट लगानी भएको काष्ठ उद्योग भवन निर्माण स्थलको जग्गाको स्वामित्व नगरपालिका मातहतको काष्ठ उद्योगको नाममा हुनुपर्नेमा स्वामित्व प्राप्त भएको जग्गा धनी प्रमाण पुर्जा वेगर मेशिनरी वाल र पर्खाल निर्माण वापत आठविसकोट टिम्बर भवन निर्माण उपभोक्ता समितलाई रु ४७५०००० भुक्तानी भएको छ । भवन निर्माण भएको जग्गाको स्वामित्व प्राप्ति वेगर मेशिनरी वाल र पर्खाल निर्माण कार्य नियम सम्मत नदेखिएको रु
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
</table>
</td><td>४,७५०,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>१४.१</td><td>आठविसकोट नगरपालिका</td><td>४७,५०,०००</td></tr><tr><td>१४.२</td><td>आठविसकोट नगरपालिका</td><td>४७,५०,०००</td></tr></table></td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>कार्यसम्पन्न प्रतिवेदन<br><br>✂ ...........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९। १२ ।१५ को निर्णयबाट रु.३६००००० ।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>१६</td><td></td><td></td><td>बजेट पेश, पारित र अख्तियारी<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष।उप प्रमुख श्री गिता नेपालीले ले २०७८।३।१० गते रु ९० करोड ६६ लाख १८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७८।३।२२ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।३।२२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>बैंक हिसाब मिलान<br><br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने रु.<br><br><table><tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार बाँकी</th><th>फरक</th></tr></table></td><td>२,६४५,५१६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | ग १.१-आन्तरिक राजश्व खाता | ० | ० | ० |
| २ | ग १.२-बाँडफाँडबाट प्रास राजश्व खाता | ० | ० | ० |
| ३ | ग १.३-आन्तरिक अनुदान खाता | ० | ० | ० |
| ४ | ग २.१-चालु खर्च खाता-बिजोर वर्ष | १२१४९४७४.७८ | १२१४९४७४.७८ | ० |
| ५ | ग २.३-पूँजिगत खर्च खाता-बिजोर वर्ष | २४२९०६१ | २४२९०६१ | ० |
| ६ | ग २.७-विविध खर्च खाता | ६२७०९९.५० | ६२७०९९.५० | ० |
| ७ | ग ३.१-स्थानिय तह धरौटी खाता | ३२६०२४५४ | ३४८४५५९१.५८ | (२२४३१३७.५८) |
| ८ | ग ४.१-स्थानिय तह संचित कोष खाता | २७४४०९२.८२ | २७४४०९२.८२ | ० |
| ९ | ग ५.१-स्थानिय तह विविध कोक्ष खाता | २४०२६८२ | २४०२६८२ | ० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१०</td><td>ग ६.१-स्थानिय तह विभाज्य कोष खाता</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>११</td><td>ग ७.२-स्थानिय तह प्रकोप व्यवस्थापन कोष खाता</td><td>५६००८१२.५३</td><td>६००३०९१.१९</td><td>(४०२२७८.)</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>५८५५५६७६.६३</td><td>६०७९८८१४.२१</td><td>(२६४५५१६.२४)</td></tr>
</table>
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>१७.१</td><td>आठविसकोट नगरपालिका</td><td>२६,४५,५१६.२४</td></tr>
<tr><td>१७.२</td><td>आठविसकोट नगरपालिका</td><td>२६,४५,५१६.२४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>खर्च विश्लेषण<br><br>पालिकाले यसबर्ष गत को अल्या रु १३०२०५०१ यो वर्षको आन्तिरक आय रु २९३३३४९९ समेत आन्तरिक आयबाट ४२३५४००० समेत राजस्व बाँडफाँड र अनुदानबाट रु ७८९६०४००० समेत रु ८३१९५८००० आम्दानी भएकोमा चालु तर्फ रु ५०३४७८००० र पूँजिगत तर्फ रु र ३१११५६०० समेत रु खर्च भएको छ । खर्च मध्ये आ ८१४६३४००० आन्तरिक आयको हिस्सा ३.६ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सबिधामा ७ महिनाको सुविधा रु ५२५०००० खर्च भएको छ जुन आन्तरिक आयको १७.८९ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५९.४५ प्रतिशत चालु र ४०.५५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । उल्लेखित खर्च विश्लेषणमा संघ तथा प्रदेशबाट प्राप्त सिगास प्रणाली र कार्यसंचालन कोषबाट भएको आम्दानी खर्च समावेश छैन ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ३१ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागू गर्नुपर्नेमा लागू गरेको पाईएन। ऐन अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरेर लागु गर्नु पर्दछ । पालिकाले आन्तरिक नियन्त्रण निर्देशिका तयार गरी लागु गरेको देखिएन । पालिकाको आन्तरिक नियन्त्रण प्रणालीमा देखिएका कमजोरी निम्नानुसार रहेका छन।<br>• पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखी आर्थिक वर्षभर संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• आर्थिक वर्ष २०७८।७९ को श्रेस्ता र बैंकबीचको अन्तिम वैंक मौज्दात फरक परे वा नपरेको सम्बन्धमा बैंक हिसाब मिलान विवरण तयार गरेको पाईएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम खर्चको संरचना तयार गरेको पाईएन ।<br>• वडागत रुपमा लक्षित राजस्वको लक्ष्य निर्धारण गरेको पाईएन ।<br>• उपभोक्ताले खरिद गरेको माल सामानको परिमाण नापी कितावमा भिडान गरेको पाईएन ।<br>• एकीकृत सम्पत्ति तथा जिन्सीको एकीकृत लगत विवरण तयार गरी प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाको जिन्सी सामानको एकीकृत विवरणमा कतिपय जिन्सी सामानहरुको साहायक जिन्सी खाता बेगर वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको देखाईएको छ भने मूल जिन्सी खाता अद्यावधिक गरेको देखिएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरीक्षण प्रतिवेदन तयार गरी कार्यान्वयन गरेको पाईएन ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ अनुसार खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको पाईएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्काको लगत खाता म-ले-प-फा-नं- ५०६ र कन्टिन्जेन्सी खाता राखेको पाईएन ।<br>• नापी किताव म-ले-प-फा-नं- ५०३ दिर्घकालसम्म सुरक्षित हुने र एकै कितावमा सम्पुर्ण निर्माण लागत देखिने गरी तयार पारी जिन्सी दाखिला समेत गरी सुरक्षित गरेको देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न (योजना) निर्माण कार्य गर्न (सम्झौता) गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा केहीमा पालना भएको पाईएन।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न संयन्त्र तय गरेको पाईएन ।<br>• आर्थिक कार्यविधि तथा वित्तय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ अनुसार खर्च भएको सुनिश्चितता हुने गरी कागजात तयार भई भुक्तानी गरेको पाईएन ।<br>• कर्मचारीको कार्य विवरण बनाई लागू गरेको पाईएन ।<br>• विषयगत कर्मचारीहरुको पुर्णरुपमा तलबी प्रतिवेदन पारित गरेको देखिएन ।<br>• विषयगत कार्यक्रम तर्फ खर्च गर्ने कार्यविधिहरु संघीय कानुन अनुसार तयार गरेको पाइएन ।<br>• विषयगततर्फ दिर्घकालिन सोच अनुसार उत्पादनमुखि योजना छनौट गरी कार्यान्वयन उन्मुख भएको पाइएन।<br>• प्रधानमन्त्री स्वरोजगार कार्यक्रम तर्फ कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना(सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ अनुसार योजना छनौट गरी वास्तविक रोजगारी श्रृजना हुने गरी योजना छनौट गरी कार्यान्वयन भएको पाईएन ।<br>• मुख्यमन्त्री रोजगार कार्यक्रम तर्फ सञ्चालन कार्यविधि, २०७७ कार्यविधिमा अनुसार रोजगारी श्रृजना हुनेगरी योजना छनौट गरी कार्यान्वयन भएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलीमा व्यवस्था भए अनुसार निर्माण कार्यको भुक्तानी गर्दा नापी गरी प्रविधिकको सिफारिसका आधारमा भुक्तानी गर्नु पर्दछ । कार्यालयले निर्माण कार्यको नापी किताव व्यवस्थित गरी राखेको छैन । साथै पालिकाले योजना सञ्चाल गर्नु अगाडि विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने गरेपनि निर्माण कार्य गर्दा सो अनुसार भए नभएको अनुगमन गर्ने गरेको देखिएन । विस्तृत परियोजना प्रतिवेदन भविश्यको प्रयोगका लागि समेत सुरक्षित राख्नुपर्नेमा दर्ता गरी अभिलेखिकृत गरेको देखिएन ।<br>• पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<ul>
<li>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता जुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी गर्ने, जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन नगर्ने, योजना हस्तान्तरण हुने तथा खर्च सार्वजनिक गर्ने जस्ता कानूनले तोकेका कार्य गरेको देखिएन</li>
<li>: सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने ब्यवस्था गरेको छ । पालिकाले कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । ऐनमा ४ प्रतिशत कट्टी गर्नुपर्नेमा पालिकाले ५ प्रतिशत कट्टी गरेको छ । नियमानुसार मात्र कन्टिन्जेन्सी कट्टी हुनुपर्दछ ।</li>
<li>कार्यालयले खरिद नियमावलीमा व्यवस्था गरी सडक सरसफाई तथा मर्मत कार्य व्यक्तिलाई कार्यदिश दिई गर्ने गरेको पाइयो । यसरी पान दर्ता नभएका व्यक्ति सँग सम्झौता गरी कार्यदिश दिई सडक सफाई गर्ने कार्यमा सुधार हुनुपर्दछ ।</li>
</ul>
आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सवल र सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।
</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>
चौमासिक पूँजीगत खर्च<br><br>
आर्थिक कार्यविधि वित्तिय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा उच्च खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">पूँजीगत खर्च शीर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="3">चौमासिक खर्च (रु.हजारमा)</th><th rowspan="2">चौथौ त्रैमासिक मात्र खर्च</th></tr>
<tr><th>प्रथम त्रैमासिक</th><th>दोस्रो त्रैमासिक</th><th>तेसो त्रैमासिक</th></tr>
<tr><td>१</td><td>पूँजिगत</td><td>३११९५५</td><td>५७३३</td><td>५९२८०</td><td>२४६१४२</td><td>२१०१०५</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>२</td><td>खर्च प्रतिशत</td><td>१००</td><td>१.८४</td><td>१९.०५</td><td>७९.११</td><td>६७.५२</td></tr></table></td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>आवधिक योजना र बजेट बिच तादाम्यता<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा बमोजिम आवधिक योजना, मध्यमकालिन, दीर्घकालीन विकास योजना, आयोजनाको प्राथमिकिकरण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति , लक्ष्य र प्रक्रिया तथा दिगो विकास लक्ष्यको आन्तरिकिकरण र सामजस्यता गर्नुपर्नेमा अन्य कार्य भएको देखिएता पनि दीर्घकालीन विकास योजना तर्जुमा भएको नदेखिएकोले तर्जुमा गरी कार्यान्वयन हुनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>गत बर्षको दायित्व<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(२) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय वा सम्वन्धित आन्तरिक लेखापरीक्षण शाखाबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण आ व ०७७।७८ मा सिर्जित दायित्व रु २७६०१७८६ आ व ०७८।७९ लाई सरेको छ भने आ व ०७८।७९ मा सिर्जित दायित्व रु १९६७३८६०७ आ व ०७९।८० लाई सरेको विरवरण प्राप्त भएको छ । बहुबर्षीय योजना स्वीकृत भएको अबस्थामा बाहेक दायित्व सिजर्ना हुने गरी खर्च गर्ने कार्य नियमित नहुने हुँदा खर्चमा बजेटरी अनुशासन कायम गर्न दायित्व श्रृजना नहुने गरी वार्षिक कार्यक्रम स्विकृत तथा सञ्चालन गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्च<br><br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।<br><br><table><tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक वजेट</th><th>खर्च रकम</th><th>कुल खर्च मध्ये प्रतिशत</th></tr><tr><td>आर्थिक विकास</td><td>२८५२२२५०</td><td>२६८३८९१३</td><td>९४.०९</td></tr><tr><td>सामाजिक क्षेत्र</td><td>३९६१६८०००</td><td>३७२०८३७३४.४७</td><td>९३.९२</td></tr></table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (continued table below) | |

| | | | |
|---|---|---|---|
| पूर्वाधार विकास क्षेत्र | २८२७४८१९२ | २५५१६७५६२ | ९०.२४ |
| शुसासन तथा अन्तसम्बन्धित क्षेत्र | ३११०००० | ३०५५२९० | ९८.२४ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १७७७०३८०० | १५७४८९८९६.६८ | ८८.६२ |
| **जम्मा** | **८८८२५२२४२** | **८१४६३५३९६.२** | **९१.७१** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **बरबुझारथ**<br><br>कार्यकाल समाप्त भएका पूर्व पदाधिकारीले आफ्नो जिम्मामा रहेको नगदी तथा जिन्सी फिर्ता गरी बरबुझारथ गर्नुपर्नेमा नगरपालिका बाट प्राप्त विवरण अनुसार निर्वतमान पदाधिकारीहरु मध्ये उप प्रमुख श्री गीता नेपालीले जिन्सी अभिलेख अनुसार निम्नानुसार रु १४९४९९ मूल्य कायम भएको जिन्सी सामाग्री नगरपालिकामा फिर्ता गरेको नदेखिएकोले नियमानुसार फिर्ता गरेको प्रमाण पेश हुनुपर्ने रु | १४९,४९९ |

| सि नं | सामानको नाम | जिन्सी अभिलेख अनुसार मूल्य | कैफियत |
|---|---|---|---|
| १ | ल्याप्टप | ६५९९९ | फिर्ता नभएको |
| २ | सोलार | ३५००० | फिर्ता नभएको |
| ३ | वाइफाई | २००० | फिर्ता नभएको |
| ४ | सोलार व्याट्री | २३००० | फिर्ता नभएको |
| ५ | डिभाइस (वाइफाई) | ३००० | फिर्ता नभएको |
| ६ | काठको दराज | २०५०० | फिर्ता नभएको |
| जम्मा | | १४९४९९ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>२४.१</td><td>आठविसकोट नगरपालिका</td><td>१,४९,४९९</td></tr>
<tr><td>२४.२</td><td>आठविसकोट नगरपालिका</td><td>१,४९,४९९</td></tr>
</table></td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>हेभि मेशिन तथा एम्बुलेन्स उपयोग<br><br>(क)अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले १ थान दुई पांग्रे सवारि साधन खरिदमा रु. २८२००० खर्च गरेको छ भने ६ थान ४ पांग्रे साधन खरिद प्रकृयामा रु २ करोड ९८ लाख भुक्तानी हुन बाँकी विवरणबाट देखिन्छ । सवारी साधन खरिद बाट दीर्घकालीन दायीत्व बढ्ने हुदा यस्ता खर्चमा नियन्त्रण हुनुपर्दछ।<br>(ख) नगरपालिकामा गत विगतमा खरिद भएका टिपर १ जे.सि.वि र चेनवाला स्काभेटर १ गरी ३ वटा रहेकोमा ३ वटै चालु अवस्थामा रहेकोमा उक्त इक्टिमेन्टको दक्षतापूर्वक उपयोग हुनुपर्दछ।<br>(ग) भारतिय सरकारको सहयोगमा चालु आ.ब मा प्राप्त एम्बुलेन्स १ थानले नगर अस्पताल मातहत रहेर सेवा प्रदान गरेको पाइयो।</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>खरिद योजना<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरीद गर्दा तोकिए बमोजिम खरिदको गुरुयोजना र वार्षिक खरीद योजना तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद ऐन २०६३ को दफा ७(३) मा कार्यालयका लागि एक खरिद ईकाई गठन गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष वार्षिक खरिद योजना तयार गरेको नदेखिएकोले बर्षभरी कुन कुन सामान कति परिमाणमा आवश्यक पर्ने, कति सामान कहिले खरीद गर्ने र त्यसको उपयुक्त खरीद प्रकृया विधि के हुने जस्ता खरिद व्यवस्थापनका महत्वपूर्ण पक्षहरु सहितको योजना नहुँदा आवश्यकता बमोजिम खरीद गर्दै गएको एवं सार्वजनिक खरीद ऐन र नियमावलीको तोकिएको सीमा नाघ्न गई खरीद नियम तथा खरिद प्रक्रियामा सवैलाई सहभागी हुने समान अवसर सुनिश्चितता भएको नदेखिएकोले कार्यालयले खरिद व्यवस्थानमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । खरिद इकाई गठन नहुँदा खरिद कार्यको कमिकमजोरी हटाई मालसामान, निर्माण कार्य, परामर्श सेवा र अन्य सेवाको खरिदको गुणस्तर अभिवृद्धि गरी सोसम्वन्धी जिम्मेवारी बहन गराउन कठिन हुन्छ । खरिद इकाई गठन गर्न कार्यालयले ध्यान दिनु पर्दछ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | | | **दरबन्दी तथा पदपूर्ति अवस्था**<br><br>(क) पालिकाको ८९ दरवन्दी मध्ये ४४ स्थायी र ४५ करार समेत ८९ पदपुर्ति भएको छ । निर्माण कार्य सम्वन्धि योजना धेरै संख्यामा भएपनि प्राविधिकको संख्या न्यून रहेकाले सवै योजनाका प्रत्येक चरणमा प्राविधिकको उपस्थित हुन नसक्दा गुणस्तरमा प्रभाव पर्न गएको छलफलको क्रममा जानकारी प्राप्त भएको छ । जनशक्तिको प्राभावकारी परिचालन गरी निर्माणकार्य तथा सेवा प्रवाह गुणस्तरिय बनाउनुपर्ने देखिन्छ ।<br>(ख) स्वास्थ्य तर्फः नगरपालिकामा स्वास्थ्य तर्फ स्वीकृत दरबन्दी ३० जना रहेकोमा सो मध्ये २१ पदपूर्ति भई दरबन्दी भन्दा बाहीर ८५ जना कर्मचारी करारमा राखी कार्य गराएको पाइयो । नगरपालिकाले नगर अस्पताल संचालन गरेको र दरबन्दी स्वीकृत नभएकोले करारमा कर्मचारी बढी भएको पालिकाको भनाई रहेतापनि संगठन तथा व्यवस्थापन सर्भे गरेर आवश्यक कर्मचारीमात्र नियमानुसार पदपूर्ति हुनुपर्दछ ।<br>(ग) कार्यालयका लागि जम्मा ५७ दरबन्दी स्वीकृत भएकोमा ३५ पदपूर्ति भई २२ दरबन्दी रिक्त रहेको पाइयो । भने रिक्त २२ मध्ये ३ जनाको मात्र लोकसेवा आयोगमा लेखिपठाएको अभिलेखबाट देखिन्छ। साथै कार्यालयले नगर प्रहरी समेत ७० जना कर्मचारी करारमा राखी यो वर्ष रु २२२२८९३६ खर्च गरेको छ । स्वीकृत दरबन्दीमा रिक्त कर्मचारी लोकसेवा आयोग मार्फत पदपूर्ति हुन र अन्य करारका कर्मचारी सम्बन्धमा संगठन तथा व्यवस्थापन सर्भेक्षण गराई नियमानुसार कर्मचारी व्यवस्थापन हुनुपर्ने देखिन्छ । | |
| २८ | | | **वैदेशिक सहायता**<br><br>नेपाल सरकारका सबै तहका सरकारलाई प्राप्त हुने सबै प्रकारका वैदेशिक सहायता बजेटमा समावेश भई अख्तियारी प्राप्त गरी खर्च हुनुपर्नेमा स्वीस दुतावासको सहयोगमा संचालित मनोपरामर्श कार्यक्रममा यो वर्ष रु ७२०१४८ खर्च भएको पाइयो । यसरी पालिकालाई सोझै वैदेशिक रकम प्राप्त हुने अवस्थामा सुधार हुनुपर्दछ । | |
| २९ | | | **योजना कार्यान्वयन**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुटयाएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्: | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>क्र. सं.</th><th>विवरण</th><th>योजना संख्या</th><th>रकम</th></tr>
<tr><td>१</td><td>रु १ लाख भन्दा कमको योजना</td><td>४०</td><td>२८४२४०५</td></tr>
<tr><td>२</td><td>रु एक लाख एक देखि पाँच लाख सम्मका योजना</td><td>१०२</td><td>२६३९४२३४</td></tr>
<tr><td>३</td><td>रु ५ लाख देखि १० लाख सम्मका योजना</td><td>२३</td><td>१७४८०२६४</td></tr>
<tr><td>४</td><td>दश लाख एक देखि ५० लाख सम्मका योजना</td><td>९७</td><td>२५६२५३२४८</td></tr>
<tr><td>५</td><td>५० लाख भन्दा माथीका</td><td>७</td><td>४९०८७६२४</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२६९</td><td>३५२०५७६७५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>
दिवा खाजा कार्यक्रम<br><br>
दिवा खाजा कार्याक्रम नं ७.१ अन्तर्गत स्थानिय तहले विद्यालयमा प्रत्यक्ष कक्षा सञ्चालन गरेवापत प्रारम्भिक बाल विकास कक्षा देखी कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरुका लागि विद्यालयगत तथ्याङकका आधारमा प्रति विद्यार्थि रु १५ का दरले विद्यालयमा उपस्थित भएको दिनमा मात्र उक्त दिवा खाजा वापतको रकम उपलब्ध गराउने व्यवस्था रहेको छ । नगरपालिकाले दिवा खाजा कार्यक्रम अन्तर्गत रकम भुक्तानी गर्दा दिवा खाजा प्राप्त गर्ने विद्यार्थी संख्या, विद्यार्थी हाजिरी र प्रगति प्रतिवेदन समेत अध्ययन साथै विद्यालय संचालन भएको दिन एकिन गरी मात्र रकम भुक्तानी गर्नुपर्नेमा सो कार्य गरेको देखिएन । दिवा खाजा कार्यक्रम अन्तर्गत पहिलो, दोस्रो र तेस्रो किस्तामा विद्यार्थी संख्या भन्दा बढी भुक्तानी भएको निम्नानुसार रु. ८७४८३० रकम सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रु. ८७४८३०<br><br>
<table>
<tr><th>गौ.भौ.नं। मिति</th><th>विद्यालयको नाम</th><th>विद्यार्थी संख्या</th><th>भुक्तानी विद्यार्थी संख्या</th><th>बढी संख्या</th><th>भुक्तानी रकम</th><th>कैफियत</th></tr>
</table>
</td><td>८७४,८३०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | श्री सरस्वती आधारभुत विद्यालय स्याला | २४३ | २५५ | १२ | ९७८० | तिनवटै किस्ता |
| | श्री सरस्वती माध्यामिक विद्यालय मिग्री | ६१० | ६१९ | ९ | ७३३५ | तिनवटै किस्ता |
| | श्री सुर्यदय माध्यामिक विद्यालय होली | ४३१ | ५४८ | ११७ | ९५३५५ | तिनवटै किस्ता |
| | श्री कालिका माध्यामिक विद्यालय सन्दरपानी | ६४६ | ८८३ | २३७ | १९३१५५ | तिनवटै किस्ता |
| | श्री जोली पिपल आधारभुत विद्यालय | ९२ | १०२ | १० | ९००० | पहिलो किस्ता |
| | श्री सरस्वती आधारभुत विद्यालय मैतडा | १६१ | २२७ | ६६ | ५३६९० | तिनवटै किस्ता |
| | श्री साइराम आधारभुत विद्यालय घोरलास | ८३ | १०४ | २१ | १७११५ | तिनवटै किस्ता |
| | श्री लालीगुँरास आधारभत विद्यालय भयाउने | ७७ | ८६ | ९ | ७३३५ | तिनवटै किस्ता |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | श्री सरस्वती आधारभुत विद्यालय फलाटे | ६७ | ७४ | ७ | ६३०० | पहिलो किस्ता | |
| | | | | श्री नेपाल राष्ट्रिय माध्यामिक विद्यालय गतसैन | ४८६ | ६७८ | १९२ | १५७१२५ | तिनवटै किस्ता | |
| | | | | श्री त्रिवेणी आधारभुत विद्यालय स्यानी बार्खु | २६१ | ३५६ | १९५ | १५८९२५ | तिनवटै किस्ता | |
| | | | | श्री नेपाल राष्ट्रिय माध्यिक विद्यालय ठुलो बार्खु | ३९७ | ४९३ | ९६ | ७८२४० | तिनवटै किस्ता | |
| | | | | श्री बालचेतना आधारभुत विद्यालय अरबारे | २१ | ५४ | ३३ | २६८९५ | तिनवटै किस्ता | |
| | | | | श्री बालसेवा आधारभुत विद्यालय पिपलडाँडा | ६६ | ६९ | ३ | २७०० | पहिलो किस्ता | |
| | | | | श्री नवज्योति आधारभुत छेपारे | २२ | ६१ | ३९ | ३१७८५ | तिनवटै किस्ता | |
| | | | | श्री चित्रिपाटन आधारभुत विद्यालय वगेना | ५० | ५५ | ५ | ३२२५ | तेस्रो किस्ता | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>श्री जनता माध्यामिक विद्यालय झीन्चौर</td><td>६३९</td><td>६५७</td><td>१८</td><td>११६१०</td><td>तेस्रो किस्ता</td></tr>
<tr><td></td><td>श्री शीतल आधारभुत विद्यालय गोइरी</td><td>५५</td><td>६३</td><td>८</td><td>५१६०</td><td>तेस्रो किस्ता</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>८७४८३०</td><td></td></tr>
</table>
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>३०.१</td><td>आठविसकोट नगरपालिका</td><td>८,७४,८३०</td></tr>
<tr><td>३०.२</td><td>आठविसकोट नगरपालिका</td><td>८,७४,८३०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>भ्रमण अभिलेख<br><br>भ्रमण अभिलेखः भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ अनुसार भ्रमणमा खटिने पदाधिकारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची—६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्नेमा विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेपनि भ्रमण अभिलेख राखेको छैन । साथै तेरिज तयार नगरि एउटै गोश्वरा भौचरबाट अनुगमन तथा मुल्याँकन, सरुवा तथा भ्रमण भत्ता जस्ता खर्च एकमुष्ट रुपमा लेखि भ्रमण प्रतिबेदन संलग्न नगरी भुक्तानी गरेको छ। यसबाट अनुगमन तथा मुल्याँकन कार्यक्रम प्रभाबकारी भयो भन्ने आधार भएन । भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेर मात्र भ्रमण खर्च लेख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>शिक्षक करार<br><br>नगरपालिकाले यो वर्ष १९३ जना शिक्षक करारमा राखी पालिकाले विभिन्न शिर्षकको कन्टिजेन्सी खर्चबाट रु. ३,३४,९३,६२६ चाडवाड खर्च समेत ९ महिनाको खर्च व्यहोरेको छ भने ३ महिनाको तलब खर्च भुक्तानी बाँकी दायित्व सारेको छ । लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार शिक्षक विद्यार्थी अनुपातको ख्याल गरेको देखिदैन भने थोरै विद्यार्थी भएको र मर्ज गर्न सम्भव भएका विद्यालयहरु मर्ज</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गरी दरबन्दी मिलान गरेको समेत देखिदैन । शिक्षक अनुपातको आधारमा नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम दरबन्दी यकिन गरी विद्यालय मर्ज तथा दरबन्दी मिलान गरी आवश्कयताको आधारमा मात्र करारमा नियुक्ती हुनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>कन्टिन्जेन्सी खर्च<br><br>सार्वजनिक खरिद नियमावली २०६४ अनुसार निर्माण कार्य गर्दा स्वीकृत लागत अनुमानको ४ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सकिने उल्लेख छ । पालिकाले मूख्यमन्त्री रोजगार कार्यक्रम बाहेक अन्य पूँजिगत शिर्षकमा सम्बन्धित योजनाको लागि स्वीकृत बजेटको ५ प्रतिशत कन्टिन्जेन्सी कट्टि गर्ने गरेको छ । यसरी कट्टि भएको कन्टिन्जेन्सी मध्ये निम्नानुसार रु १७६२१७९३।५० खर्च भएको विवरण प्राप्त भएको छ । नियममा तोकिए बमोझिम मात्र कन्टिन्जेन्सी कट्टी हुनुपर्दछ । कन्टिजेन्सी खर्चको उच्च अंश ३६.६७ प्रतिशत नगर प्रहरी तथा करारका शिक्षकको तलबमा खर्च भएको देखिन्छ । कन्टिजेन्सी खर्च सम्बन्धमा कार्यविधि बनाई मितव्ययी रुपमा खर्च हुनुपर्दछ ।<br><br>
<table>
<tr><th>सि नं</th><th>कन्टिन्जेन्सी खर्च शिर्षक</th><th>खर्च रकम रु</th></tr>
<tr><td>१</td><td>नगर प्रहरी तथा करार शिक्षकको तलब</td><td>६४६१३९६।५</td></tr>
<tr><td>२</td><td>कार्यालय सामाग्री खरिद</td><td>१०३७०००</td></tr>
<tr><td>३</td><td>सवारी मर्मत</td><td>३५००००</td></tr>
<tr><td>४</td><td>अनुगमन तथा मूल्याङकन</td><td>६५३२१०</td></tr>
<tr><td>५</td><td>विभिन्न सडक मर्मत संभार</td><td>३२५६०००</td></tr>
<tr><td>६</td><td>परामर्श सेवा</td><td>१९९२००</td></tr>
<tr><td>७</td><td>नगरपालिकाको प्रशासनिक भवनको जग्गा खरिद</td><td>२५१४६८७</td></tr>
<tr><td>८</td><td>पत्रपत्रिका तथा सुचना प्रकासन</td><td>११४५०००</td></tr>
<tr><td>९</td><td>कार्यालय इन्धन</td><td>२१२५००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१७६२१७९३.५</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३४</td><td></td><td></td><td>फोटोकपि विल<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्प ऐन २०७६ को दफा ३९ बमोजिम खर्च प्रमाणित हुने सक्कल विल भरपाईको आधारमा भुक्तानी हुनुपर्नेमा कार्यालयले गो भौ नं २८३ मिति २०७९।३।२५ बाट नगर अस्पताल प्रमुख श्री धनन्जय रिजाललाई औजार उपकरण खरिद समेत विभिन्न विलको रु ६६८३१ सोधभर्ना दिएकोमा फोटोकपी विल संलग्न भएकोले सक्कल विल वेगरको भुक्तानी असुल हुनुपर्ने रु</td><td>६६,८३१</td></tr>
<tr><td>३५</td><td></td><td></td><td>वितरणमुखी कार्य<br><br>कार्यक्रम संचालन गर्न खर्च गर्दा मौज्दात नहुनेगरी सामाग्री खरिद गरेर वितरण गर्नुपर्दछ । कार्यालयले वालवालिका तथा जेष्ठ नागरिक लक्षित निम्नानुसारका वितरण मुखी कार्यक्रमको लागी खरिद भएका सामान मौज्दात राखेको पाइयो । यस प्रकारका वितरणमुखी कार्यक्रममा मौज्दात समेत रहने गरी खर्च गर्ने प्रकृयामा सुधार हुनुपर्दछ ।<br><br>
<table>
<tr><th>गौ भौ नं/मिति</th><th>विवरण</th><th>संख्या</th><th>आपूर्तक</th><th>खरिद मूल्य</th></tr>
<tr><td>२५६।२०७९।३।२१</td><td>स्कुल ब्याग</td><td>२५०</td><td>संगम ब्याग</td><td>३०००००</td></tr>
<tr><td>२७०।२०७९।३।२४</td><td>तामाको हत्तर गाग्री</td><td>८५०</td><td>करुणा इलेक्ट्रीक्स</td><td>७९९९९०</td></tr>
</table></td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>नन्फाईलर<br><br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु.३५७७२५.७२ समेत रु.२९१६१४४.३६ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो ।<br><br>
<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>भुक्तानी रकम</th><th>मुअकर कर रकम</th><th>नन्फाइलर रहेको मिति</th></tr>
</table></td><td>२,९१६,१४४.३६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>५७/२०७८।६।१९</td><td>रासी पब्लिकेशन मल्ट्री प्रपोज विजनेश</td><td>६०९९९४२९४</td><td>१८८६४६</td><td>२१९९४</td><td>Since 2077</td></tr><tr><td>५१/२०७८।६।१९</td><td>दिक्षान्त सप्लायर्स</td><td>६०८४७०३२०</td><td>२२९८८७</td><td>२७७७४.५०</td><td>Since 2077</td></tr><tr><td>३/०७८।१०।०६</td><td>रवि निर्माण सेवा</td><td>६०९३८४३८३</td><td>४२२४९६</td><td>५४९२५</td><td>Since 2077</td></tr><tr><td>२/०७८।१०।६</td><td>चित्रिपाटन विल्डर्स एण्ड सप्लार्यस</td><td>६०९६५६५२७</td><td>२०७५११५.३६</td><td>२५३०३२.२२</td><td>Since 2077</td></tr><tr><td></td><td>**जम्मा**</td><td></td><td>२९१६१४४.३६</td><td>३५७७२५.७२</td><td></td></tr></table><br>कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु. | |
| ३७ | | | **ढिला दाखिला**<br><br>आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था छ । स्थानीय तह अन्तरगतका वडाहरुले कतिपय मासिक रुपमा र कतिपयले २, ३ महिना पछि मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ । | |
| ३८ | | | **राजश्व अभिलेख** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७४ को दफा १३(२) मा राजश्वको लगत तथा लेखा राख्ने तथा फाटवारी पेश गर्ने, लेखापरीक्षण गराउने र त्यसको अभिलेख राख्ने उत्तरदायित्व प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । पालिकाले सवै वडा मार्फत नगदि रसिदका आधारमा आय संकलन गर्दै आएको छ । पालिकाले रसिद नियन्त्रण खाता राखेको भएपनि आर्थिक वर्ष समाप्ति पछि नियमित रुपमा रसिद व्यवस्थान गरेको देखिएन । नगदि रसिद मार्फत वडा तथा नगरपालिका कार्यालयले संकलन गरी बैंक दाखिला गरेको आयको वास्तविक अवस्थाका सम्वन्धमा अनुगमन तथा नियन्त्रणको प्रभावकारी संयन्त्र निर्माण गरी व्यवस्थापन गरेको पाइएन । मालपोत जस्ता आयका क्षेत्रको लगत राखी वार्षिक लक्ष अनुसार आय संकलन गर्नुपर्नेमा लगत नराखेकाले उठ्नुपर्ने आय उठेको सम्वन्धमा यकिन गर्न सकिएन। नगरपालिका क्षेत्रका प्राकृतिक सम्पदा बेचविखन गरी आय आर्जन गर्ने सम्वन्धमा दीर्घकालिन योजना तयार गरेको छैन । आय व्यवस्था अनुमानयोग्य, पारदर्शि, भरपर्दो तथा विश्वसनिय बनाउन आय संकलन तथा व्यवस्थापनको भरपर्दो प्रणाली विकास गर्नुपर्दछ । | |
| ३९ | | | **मूल्य अभिवृद्धि कर**<br><br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूनी १ मा उल्लेख भएका सेवा तथा बस्तु तथा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी कर छुट हुने भनी उल्लेख भएको बस्तु तथा सेवा बाहेकका बस्तुमा मू.अ.कर छुट दिन नहुने व्यवस्था छ । जस अनुसार पालिकाबाट प्रकृतिक श्रोत बिक्रीलागि बन्दोबस्त भएको ठेक्कामा विक्री मूल्यमा लाग्ने मूल्यमा अभिवृद्धि कर छुट दिन मिल्ने देखिदैन् । तसर्थ पालिकाले ढुंगा गिटि वालुवा जस्ता प्राकृतिक श्रोत विक्री वापत रु. १३८६८३५ असुल गर्दा मू.अ.कर ऐन २०५२ को दफा १५(३) बमोजिम १३ प्रतिशतले हुने रु.१८०२८८ मु.अ.कर असुल गरेको छैन । नियमाअनुसार मु.अ.कर असुल नहुदा रु १८०२८८ मू अ कर असुलीमा असर परेको छ । | |
| ४० | | | **प्रदेशमा संचितकोष दाखिला**<br><br>अन्तरसरकारी वित्तीय हस्तान्तरण ऐन, २०७४ तथा कर्णाली प्रदेश आर्थिक ऐन अनुसार नदिजन्य पर्दाथमा प्रदेश र पालिकाबीच ४० र ६० प्रतिशत बाँडफाँड हुनुपर्ने व्यवस्था छ । पालिकाले यो आ व को संकलित नदिजन्य राजश्व रु ९५६००० भएको पाइयो । सो मध्ये ४० प्रतिशतले हुने रु ३८२४०० प्रदेश संचित कोषमा पठाएको पाईएन । प्रदेश संचित कोषमा पठाउनुपर्ने उक्त रकम दाखिला भएको प्रमाण पेश हुनुपर्ने रु | ३८२,४०० |
| ४१ | | | **बढी भुक्तानी** | ६२,०१४ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गर्दा सम्झौता भन्दा घटी मूल्यमा कार्यसम्पन्न भएकोमा अनुपातिक रुपमा कट्टि गरी भुक्तानी गर्नुपर्नेमा निम्नानुसारका उपभोक्ता समितिलाई अनुपातिक कट्टि गर्दा बढी भुक्तानी भएको देखिएकोले सम्बन्धितबाट असुल हुनुपर्ने रु ६२०१४
<table>
<tr><th>सि नं</th><th>उपभोक्ता समिति</th><th>गो भौ नं/मिति</th><th>बढी भुक्तानी</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>सरस्वती मावि भेग्रि फर्निचर नि उ स</td><td>१०१।२०७९।३।२४</td><td>४१०५६</td><td></td></tr>
<tr><td>२</td><td>फलाटे सुल्कीबाँङ दाङ सडक निर्माण उ स</td><td>११८।२०७९।३।२५</td><td>२०९५८</td><td></td></tr>
<tr><td colspan="3">जम्मा</td><td>६२०१४</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>उपभोक्ता समिति मार्फत योजना संचालन<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) अनुसार उपभोक्ता समितिवाट लाभग्राही समुदायवाट सञ्चालित हुने निर्माण कार्यमा हेभि मेशिन प्रयोग गर्न नहुने, नियम ९(१०) अनुसार उपभोक्ता समितिले सवकन्ट्रक्टरवाट नगराई आफै सम्पन्न गर्नु पर्ने र नियम ९(१२) अनुसार सम्पन्न योजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राहीलाई रेखदेख, मर्मत सम्भारको जिम्मेवारी सहित हस्तान्तरण गर्नु पर्ने उल्लेख छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार सडक, खानेपानी योजना, विद्यालय भवन लगायत विभिन्न आयोजना उपभोक्ता समिति तथा लाभग्राही मार्फत गराई भुक्तानी भएको छ । उपभोक्ता समिति तथा लाभग्राही समुहसँग वित्तिय तथा प्राविधिक क्षमता नहुने, पेश्की नलिई कार्य गर्ने, मान्यता प्राप्त निकायवाट निर्माण कार्यमा प्रयोग भएको मालसामानको गुणस्तर परीक्षण प्रतिवेदन पेश नहुने र रेखदेख, मर्मत सम्भारको जिम्मेवारी सहित सम्पन्न कार्यको स्वामित्व हस्तान्तरण नहुने कार्यले योजना कार्यान्वयन पक्ष सवल देखिदैन ।</td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>उपभोक्ता समिति मार्फत कार्य<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियमा ९७ मा उपभोक्ता समितिले सम्झौता गरी लिएको काम सव-कन्ट्रयाकमा गराउन नपाइने व्यवस्था छ । नमुना छनौटबाट फाईल परीक्षण गर्दा उपभोक्ता समितिले सव-कन्ट्रयाकमा गरेको सम्झौता नदेखिएतापनि पेश</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>भएका विल भरपाई हेर्दा अन्य निर्माण व्यवसायी मार्फत कार्य गराएको देखिदा सव-कन्ट्रयाक भएको अवस्था देखिन्छ । यसका केही उदाहरण निम्ना छन ।
<table>
<tr><th>सि नं</th><th>योजनाको नाम (उपभोक्ता समिति )</th><th>उपभोक्ता समितिलाई भुक्तानी</th><th>उपभोक्ता समितिले पेश गरेको विलमा निर्माण व्यवसायीको नाम</th><th>उपभोक्ताले निर्माण व्यावसायी लाई भुक्तानी गरेको रु</th></tr>
<tr><td>१</td><td>घर्तिगाउ चुर्तिपाखा लिंक सडक नि उ स</td><td>३८०००००</td><td>प्रदेश निर्माण सेवा प्रालि</td><td>४२४६०२५</td></tr>
<tr><td>२</td><td>ढुंगिला गारा सडक निर्माण उ स</td><td>४७५००००</td><td>आर पि एम कन्सट्रक्सन</td><td>४९४११००</td></tr>
<tr><td>३</td><td>पिपलचौर ओखरपाटा सवारी काफलकोट सडक उ स</td><td>२३७५०००</td><td>दोभान निर्माण सेवा एण्ड सप्लायर्स</td><td>२५९०५२५</td></tr>
<tr><td>४</td><td>स्यानी बार्खु लिंक ठुले बार्खस सडक</td><td>४१२३०००</td><td>रवि निर्माण सेवा</td><td>४७०३०७०</td></tr>
<tr><td>५</td><td>रिम्का चौसिला जुलिगाड कृषि सडक उस</td><td>५००००००</td><td>शौभाग्य विल्डर्स</td><td>६८५४५३६</td></tr>
<tr><td>६</td><td>स्याला माथिगाउ थुम सडक उस</td><td>३८०००००</td><td>कैलाश देव निर्माण सेवा एण्ड सप्लार्यस</td><td>४१८२९४३</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | | | **चैतिखारा साईकुमारी सडक**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(संसोधन पूर्व) मू अ कर ओभरहेड कन्टिन्जेन्सी जनसहभागिता समेत रु १ करोड सम्मको निर्माण कार्य उपभोक्ता समिति सँग गर्न सकिने व्यवस्था छ । साथै सोही नियममा जटिल प्रकृतिका कार्य उपभोक्ता समितिबाट गराउनु हुदैन भन्ने उल्लेख छ । नगरपालिकाले आठविसकोट नगरपालिका वडा नं १ मा चैतिखारा साईकुमारी मन्दिर सडक र साईकुमारी चैतीखेरा धरिगाउ तितेमिते सडक निर्माण गर्न विभिन्न २ उपभोक्ता समिति मार्फत कार्य गराई यो वर्ष क्रमश रु ९४९८०३५ रु ९९५४६९७ को लागत अनुमान स्वीकृत गरी क्रमश रु ९०९६६०६ र रु ७१२५००० भुक्तानी भएको पाइयो । यस सम्बन्धमा देखिएका व्यहोरा निम्ना छन ।<br>क) नगरपालिकाले एकै प्याकेजिङमा कार्य गराउन सकिने उक्त सडक निर्माणको लागी स्वीकृत लागत अनुमान टुक्रा गरेको तथा लागत अनुमान ओभरहेड बाहेकको अंक गणना भएकोले नियमानुसार को १ करोडको सिलिङ नाघ्ने देखिन्छ । यो नियम सम्मत देखिदैन ।<br>ख) संलग्न प्राविधिक मूल्याङकन तथा विलहरु परीक्षण गर्दा उपभोक्ता समितिले सिस्ने साईकुमारी निर्माण सेवा एण्ड सप्लार्यस (६११००७१२२७) को स्काभेटर प्रयोग गरी पालिकाको दररेट बमोजिम उपभोक्ता समितिलाई भुक्तानी गरेको छ । भने श्री एयरलन्सको हेलिकप्टर भाडा वापत रु ५५००००० भुक्तानी भएको छ । जटिल प्रकृतिको र नीजि कम्पनिको हेलिकप्टर ढुवानी उपभोक्ता समिति मार्फत गराएको नियम ९७() को प्रतिकुल देखिएकोले नियमित हुनुपर्ने रु ५५००००० | ५,५००,००० |
| ४५ | | | **बढी दरमा भुक्तानी**<br><br>लागत अनुमान गणना गर्दा जिल्ला दररेट तथा पालिकाको दररेटका आधारमा गणना गरी लागत अनुमान तयारी तथा आयोजना भुक्तानी गर्नुपर्दछ । नगरपालिकाले गो भौ नं २३।०७९।३।१२ ब्रहमादेवि आधारभुत विद्यालय भवन निर्माण उपभोक्ता समिति मार्फत अदक्ष कामदारको दैनिक पारिश्रमिक जिल्ला दर रेट भन्दा रु २० बढी भुक्तानी गरेको २१६ दिनको रु ४३२० सम्बन्धित उपभोक्ता समितबाट असुल हुनुपर्ने रु | ४,३२० |
| ४६ | | | **पारदर्शिता र जवाफदेहिता**<br><br>सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा ३३ अनुसार स्थानिय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानाकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने वैक र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानिय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्वन्धि सुचना स्थानिय एफ एम लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी सम्वन्धीत स्थानिय तहको वेभ साइटमा राख्नुपर्नेमा राखेको छैन । यसबाट पारदर्शिता र जवाफदेहिता | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कायम हुने विधि तयार गरी पालना गरेको पाइएन । यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि एकिन हुने अवस्था देखिएन ।भत्ता वितरण कार्यलाई सरल र पारदर्शी हुने गरी व्यवस्थित गर्नुपर्दछ । | |
| ४७ | | | **अनुगमन तथा सुपरीवेक्षण**<br><br>सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा २८ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानिय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरि भत्ता वितरण व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन । | |
| ४८ | | | **सार्वजनिक सुनुवाई**<br><br>स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने गरी कार्यविधिले व्यवस्था गरेको छ । सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन । सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ । | |
| ४९ | | | **सामाजिक सरक्षा**<br><br>कार्यालयले यो वर्ष वालपोषण तथा सामाजिक सुरक्षा भत्ता लाभग्राहीको खाता मार्फत भुक्तानी गर्ने गरी रु ११६१७५९०० निकासा गरेकोमा रिर्भस फिड भिडान अनुसार फिर्ता गर्नुपर्ने रकम ७८९३१५।४३ देखिन्छ । कार्यालयको अभिलेख अनुसार कोष तथा लेखा नियन्त्रक कार्यालयमा निकासा माग नभएको दोस्रो चौमासिकमा रिर्भस सिस्टममा कोलेनिका निकासा माग नभएको तर रिर्भस सिस्टममा विनियोजन रकम देखाएको रु २१८१२ सम्बन्धमा हिसाब मिलान हुनुपर्ने रु | २१,८१२ |
| ५० | | | **प्राविधिक मूल्याङन**<br><br>महालेखा नियन्त्रक कार्यालयबाट सिफारिस भई महालेखापरीक्षकबाट स्वीकृत म.ले.प ढाँचा बमोजिम सार्वजनिक निर्माण सँग सम्बन्धित फारामहरु भरी लागत अनुमान स्वीकृत तथा प्राविधिक नाप जाँच मूल्याङकन तथा कार्यस्वीकार प्रतिवेदन तथा सम्पन्न प्रतिवेदनहरु तयार गर्नुपर्नेमा कार्यालयले पुरानै ढाँचामा प्राविधिक मूल्याङकन गर्ने गरेको तथा प्रापक विल भुक्तानिको छुट्टा छुट्टै विल तयार गर्ने गरेको पाइयो | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | । यसरी विलमा मात्रै छुट्टै नापी गर्दा अद्यावधिक भुक्तानी नदेखिने हुँदा स्वीकृत ढाँचा बमोजिम अद्यावधिक विस्तृत नापी देखिने गरी प्राविधिक मूल्याङकन तयार गरी ठेक्का वील समेत तयार गर्नुपर्ने देखियो । | |
| ५१ | | | **परामर्श सेवा**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ ,नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिदमा गर्दा प्रतिस्पर्धा नगराई रु.४१९५३२५ को सोझै खरिद गरेको मध्ये ३ वटा सम्झौताको रु .१९४५३२५ भुक्तानी भएको छ भने २ वटा सम्झौताको रु.२२५०००० भुक्तानी हुन बाँकी विवरणमा देखिन्छ । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिपर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन । | |
| ५२ | | | **विमा**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ तथा सम्झौता तथा स्टयाण्डर्ड विड डकुमेन्टमा उल्लेख गरे बमोजिम निर्माण कार्यमा हुने सम्भावित जोखिम न्युनिकरणका लागि विमा गर्नुपर्नेमा कतिपय ठेक्कामा विमाक आइटमनै नराखेको आइटम राखेकोमा समेत सो बमोजिम विमा गर्ने नगरेको पाइयो । नियमानुसार १० लाख भन्दा बढीका योजना संचालन भएका ठेक्कामा अनिवार्य रुपमा विमाको आइटमा राख्ने र सो आइटम बमोजिम विमा गराई जोखिम न्यूनिकरण गराउनुपर्ने देखिन्छ । | |
| ५३ | | | **बजेट सुनिश्चतता वेगर ठेक्का व्यवस्थापन**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम अनुसार बजेटको सुनिश्चतता भएपछीमात्र ठेक्का व्यवस्थापन हुनुपर्नेमा बहुवर्षिय योजना पनि स्वीकृत नभएको तथा चालुवर्ष बजेट व्यवस्था पनि नभएको अवस्थामा कार्यालयले खरिद प्रकृया शुरु गरेको कारण सम्झौतानुसार भुक्तानी हुन नसकेको पाइयो । समपुरक तर्फ नगरपालिका म्याचिङ फण्डको व्यवस्था नभएकोले भुक्तानी बाँकी देखिन्छ । बजेट व्यवस्थापन गरेर मात्र खरिद प्रकृया शुरु हुनुपर्दछ । नमुना छनौट बाट परीक्षण हुदा निम्नानुसार पाइयो ।<br><br>सि नं / सम्झौताको पक्ष / विल पेश / कामको विवरण / भुक्तानी अवस्था / कैफियत<br>१ / हुलास स्टिल / ८५७००७२५।५ / जस्तापाता आपूर्ति / भुक्तानी बाँकी / थप कार्यदेश समेत | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>हाम्रो/पन्त जेभी</td><td>७२९१७२३</td><td>विद्यालय भवन</td><td>३७९२४८२ भुक्तानी</td><td>आंशिक भुक्तानी</td></tr>
<tr><td>३</td><td>पि एम प्रदेश जे भी</td><td>३७७०४५३</td><td>आठविसकोट १ को विद्यालय भवन</td><td>१५५९०००</td><td>आंशिक भुक्तानी नगरपालिका म्याचिङ भुक्तानी नभएको</td></tr>
<tr><td>४</td><td>साईकुमारी ई कन्सल्टेन्सी</td><td>५०५८६४०</td><td>सरस्वती आ वि आठविसकोट २</td><td>३०४१०००</td><td>आंशिक भुक्तानी नगरपालिका म्याचिङ भुक्तानी नभएको</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>ग्याविन मौज्दात<br><br>चालु वर्ष खरिद भएको तर उपयोग हुन बाँकी सामाग्री आगामी वर्षको लागि मौज्दात सार्नुपर्दछ । कार्यालयले यो वर्ष दिव्याक्षा कन्स्ट्रक्सन एण्ड सप्लार्यस प्रालि बाट खरिद भएका मध्ये २*१*१ साइजको १२० थान प्रतिथान रु ३२०० का दरले हुने रु ३,८४,००० र १*१*१ को ६० थान रु १७०० का दरले हुने रु १०२००० तार जाली अ ल्या गरेको नदेखिएकोले उक्त तारजाली अद्यावधिक गरी उपयोगको प्रमाण पेश हुनुपर्ने रु</td><td>४८६,०००</td></tr>
<tr><td>५५</td><td></td><td></td><td>सोझै खरिद<br><br>सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार सार्वजनिक खरिद गर्दा सम्भव भएसम्म प्याकेजिङ गरी प्रतिस्प्रर्धी रुपमा खरिद हुनुपर्दछ । पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष निम्नानुसार रु १७२२४१९१ को विभिन्न कार्य सोझै खरिद भएको पाइयो । सम्भव भए सम्म प्याकेजिङ गरी प्रतिस्प्रर्धी रुपमा खरिद हुनुपर्दछ ।<br><br>
<table>
<tr><th>सि नं</th><th>विवरण</th><th>खरिद संख्या</th><th>खरिद मूल्य</th></tr>
<tr><td>१</td><td>मालसामान तर्फ</td><td>२०२</td><td>४४४५१५०</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>निर्माण तर्फ</td><td>३७</td><td>१०६७५०४९</td></tr>
<tr><td>३</td><td>परामर्श सेवा तर्फ</td><td>३</td><td>२१०३९९२</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२४२</td><td>१७२२४१९१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>विमा नगराएको<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियमा ११२ अनुसार रु १० लाख भन्दा बढीको निर्माण कार्य र निर्माण कार्यमा संलग्न जनशक्तिको विमा गराउनुपर्ने उल्लेख छ । कार्यालयले ठेक्का व्यवस्थापन गरेका निर्माण कार्य मध्ये कतिपय ठेक्कामा विमाको व्यवस्थानै नगरेको तथा कतिपय ठेक्कामा विमाको व्यवस्था भएतापनि विमा गरेको पाइएन । उदाहरणको रुपमा स्याला-ओख्ले सडक निर्माणमा मार्ग देवी निर्माण सेवालाई तेस्रो विल भुक्तानी हुँदा सम्म विमाको लागि रु.४,८६,४९७ bill of quantity मा व्यवस्था भएकोमा विमा गराएको छैन । आयोजना संचालन अवधि भर देखी तोकिएको अवधि सम्मको वर्षमा गराउनुपर्ने देखियो</td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>नगर अस्पताल भवन<br><br>नगर अस्पताल भवन निर्माण गर्न निर्माण व्यवसायी कोशी एण्ड न्यौपाने यति विल्डर्स जे भी सँग २०७६।२।८ मा रु ६२६५९१७६ मा सम्झौता भएकोमा कार्यपालिका बाट स्वीकृत भेरिएशन आदेश अनुसार रिभाइज्ड सम्झौता मूल्य रु ७८११८५६३।८२ भएकोमा रु ७७५०२२६३।७९ मा मिति २०७८।११।१५ मा कार्यसम्पन्न भएको पाइयो । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन ।<br><br>(क) भेरिएशनः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा भेरिएशन सम्बन्धी व्यवस्था छ । प्राविधिक प्रतिवेदन अनुसार शुरुमा छनौट भएको निर्माण स्थल परिवर्तन गरेको सम्झौताअनुसार २.५ तले भवन निर्माण हुनुपर्नेमा कार्यापालिकाको निर्णयानुसार ३.५ तलाको भवन निर्माण गर्दा लागत अनुमान बढी हुन गएको टेण्डरको BOQ मा इलेक्ट्रीकल र स्यानेटरी आइटम छुट भएको अस्पतालको भवनमा झ्याल ढोका आल्मुनियम भएको तर युपिभिसी को झ्याल ढोका राख्रुपर्ने भएको stair case finishing मा सम्झौता अनुसार मार्वल राख्रुपर्नेमा ग्रेनाइट राख्रुपर्ने भएको उल्लेख गर्दै सुरु सम्झौताको २४.६७ प्रतिशत सम्म कार्यापालिकाको निर्णयले रु १५४५९३८७ को भेरिएशन आदेश स्वीकृत भएको छ ।निर्माण कार्य सुरु हुनुपूर्व निर्माण स्थल र भवनको डिजाईन यकिन गरेर मात्र निर्माण शुरु हुनुपर्दछ । स्वीकृत डिजाइन भन्दा फरक स्थान र तरिकाले ( २.५ तलेको सट्टा ३.५ तले) भवन बनाउँदा अस्पताल सम्बन्धि नेपाल सरकारले</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | तोकेको मापदण्ड बमोजिमको स्टकचरल गुणस्तर सुनिश्चततामा असर पर्न सक्ने देखिदा कार्यस्थल र भवनको डिजाईन काम शुरु हुनुपूर्व नै यकिन हुनुपर्दछ ।<br>(ख) Rate Negotation : थप आइटमको कार्य गराउदा कार्यालयले लागत अनुमान तयार गरी निर्माण व्यवसायी सँग वार्ता बाट दर रेट तय गर्नुपर्नेमा निर्माण व्यवसायीले पेश गरेको दरलाई नै अन्तिम मानि भेरिएशन जारी गरेको तथा स्यानेटरी तर्फ BOQ मा उल्लेखित भन्दा फरक स्पेशिफिकेसनका सामान राखेको नयाँ आइटममा थप भयो भने किटानी साथ भन्न सक्ने अवस्था छैन । नियमानुसार थप हुने आइटमको लागत अनुमान तयार गरी सम्झौता मूल्यमा फरक पर्ने रकम यकिन गरी भेरिएशन आदेश स्वीकृत हुनुपर्ने देखिन्छ ।<br><br>(ग)हिसाब फरफारकः प्राविधिक नापजाँच गर्दा प्रत्येक विल सम्मको अद्यावधिक मूल्याङ्कन हुनुपर्नेमा कार्यालयले प्रत्येक विलको अलग अलग नापजाँच गरी विल बनाउदै अद्यावधिक विल रकम निकाल्ने गरेको पाइयो भने प्रत्येक विलको पूर्ण भुक्तानी नभई निर्माण व्यवसायीबाट जारी भएको विजक बमोजिम आंशिक भुक्तानी हुने आंशिक भुक्तानीमा कर तथा धरौटी कट्टी दोहोरो पर्ने लगायतको कारणले प्राविधिक विल र भुक्तानी रकममा हिसाब मिलान तथा अन्तिम भुक्तानी पूर्व फरफारक गर्नुपर्ने भनि गत वर्ष वेरुजु औंल्याएकोमा कार्यालयको तर्फबाट हिसाब जाँच गरी फरफारक गर्दा रु १२१५५०० आठौ चालु विल सम्म बढी भुक्तानी भएको रकम नवौ तथा अन्तिम विल रकम रु ५०१२८३२।४१ मा बढी भुक्तानी भएको रकम कट्टी गरी रु ३७९७३३३ भुक्तानी भएको छ । प्रत्येक विलको छुट्टा छुट्टै नापी गर्दा नाप जाँचमा दोहोरो पर्ने सक्ने देखिदा नियमानुसार प्रत्येक विलको अद्यावधिक नापजाँच तथा भुक्तानी हुनुर्पदछ । | |
| ५८ | | | **डकुमेन्ट्री निर्माण**<br><br>नगरपालिका र मालिका चलचित्र निर्माण प्रालि विच भएको सम्झौताको शर्त नं ४ मा वडा नं ६ को विकास निर्माणको डकुमेन्ट्री निर्माणमा कम्तिमा २५ मिनेट अवधिको भिडियो तयार गर्ने उल्लेख भएकोमा गो भौ नं २८४ मिति २०७९।३।२५ रु १९८३१५ भुक्तानी भएकोमा भिडियो तयार गरेको सिडी उपलब्ध नभएकोले सम्बन्धितबाट असुल हुनुपर्ने रु | १९८,३१५ |
| ५९ | | | **म्याद नाघेको पेश्की**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तदायित्व नियमावली २०७७ बमोजिम आर्थिक वर्षको अन्तमा फर्छ्यौट हुन बाँकी मध्ये निम्नानुसार म्याद नाघेको पेश्की नियमानुसार फर्छ्यौट हुनुपर्ने रु | १,३७५,००० |

| पेश्कि बाँकी हुनेको नाम | प्रयोजन | म्याद नाघेको पेश्की |
|---|---|---|

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>मनाकामना कन्स्ट्रक्सन निर्माण एण्ड सप्लायर्स</td><td>राधाकृष्ण मन्दिर निर्माण मोबिलाइजेशन पेश्की</td><td>९७५०००</td></tr>
<tr><td>सांस्कृतिक तथा पर्यटन विकास केन्द्र</td><td>नगरपालिकाको प्रथम पञ्चवर्षिय अवधिको नगर प्रोफाइल</td><td>४०००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१३७५०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६०</td><td></td><td></td><td>भेरिएशन<br><br>✍ ...........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९। १२ ।१५ को निर्णयबाट रु. १४६६४५६।- सम्परीक्षण गरिएको ।)</td><td></td></tr>
<tr><td>६१</td><td></td><td></td><td>सीपमूलक तालिम<br><br>सीपमुलक तालिम सीपमूलक तालिम संचालन सम्बन्धि कार्यविधि अनुसार खर्च गरी कार्य सम्पन्नका साथ प्रमाण पत्र समेत वितरण गर्नुपर्दछ । नगरपालिकाले गो भौ नं ३२० मिति २०७८।१०।१५ बाट १४ वडाबाट जनजाति तर्फ ७ जना र दलित तर्फ ८ जना गरी जम्मा १५ जनालाई तिन महिनाको गाडी ड्राइभिङ तालिम दिन स्यार्पु मोटर ड्राईभङ सेन्टरर सँग २०७८।८।२२ रु. ४,००,००० मा सम्झौता भएको छ। सम्झौता मा उल्लेखित १५ जनालाई ड्राईभिङ दिने उल्लेख भएता पनि १४ जनाले मात्र उक्त तालिम लिएको पाईएको छ। तालिम प्राप्त गरिसकेपछि प्रमाण पत्र उपलब्ध गराउनु पर्नेमा तालिम प्राप्त प्रमाण पत्र पनि उपलत्ध गराएको छैन । उक्त १ जना को तालिम बापत को बढी भुक्तानी हुन गएको २६,६६६।६७ सम्बन्धित ड्राईभिङ सेन्टरबाट असुल हुनुपर्ने रु</td><td>२६,६६६.६७</td></tr>
<tr><td>६२</td><td></td><td></td><td>बेरुजु संपरीक्षण<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ बमोजिम बेरुजु फर्छ्यौट हुनुपर्दछ । कार्यालयले गत आ. व सम्मको फर्छ्यौट हुन बाँकी बेरुजु रु १९ करोड ७९ लाख ५७ हजार रहेकोमा लेखापरीक्षणको क्रममा आ.व २०७४।७५, २०७५।७६ र २०७६।७७ को निम्नानुसार रु १३ करोड ५४ लाख ५४ हजार अनुरोध भएकोमा</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | बेहोरा मनासिव देखी निम्नानुसार रु ६ करोड ४६ लाख ९१ हजारको संपरीक्षण भई रु ७ करोड ७६ लाख ६३ हजारको संपरीक्षण भएको छैन । | |

| दफा | बेरुज बेहोरा | फर्छ्यौटको व्यहोरा | अनुरोध रकम | संपरीक्षणकोलागी निणायर्थ पेश गरेको रकम | हुननसकेको रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| ११ | श्रेस्ता र बैंक स्टेटमेन्टअनुसार फरक परेको | नगर सभाले नियमित गरेको | ३३४७०५५ | | ३३४७०५५ | आर्थिकविवरणमा परेको असरको संसोधित आर्थिक विवरण पेश नभएको |
| २४ | चालु प्रकृतिको खर्च पुजिगतबाटलेखिए को | नगर सभाले नियमित गरेको | ८६९४७७३ | ८६९४७७३ | ० | |
| ३० | जिल्ला दररेट को पालना नगरिएको | नगर सभाले नियमित गरेको | ११४८८७१ | ० | ११४८८७१ | लेखा समितिले नियमित गर्ने सिफारिस गरेको नदेखिएको |
| ३४ | प्रतिसपर्धा बेगरको खरिद | नगर सभाले नियमित गरेको | ७६९७९४२ | ७६९७९४२ | ० | |
| ४९ | बिभिन्न आयोजनामा लागत फरकपरेनपरेको | नगर सभाले नियमित गरेको | ६८५४२०३ | ६८५४२०३ | ० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ५० | प्रतिसपर्धा बेगरको खरिद | नगर सभाले नियमित गरेको | ५२२६४९५ | ५२२६४९५ | ० | | |
| | | | ५३ | आयोजना भुक्तानि दोहोरो परेनपरेको एकीन गर्ने | नगर सभाले नियमित गरेको | १५६३७३७४ | ० | १५६३७३७४ | उपभोक्ता समितिबाट उपकरण खरिद गरेको साथै रु १ करोड भन्दा बढी भएको | |
| | | | ५४ | बसेरा खदि सडक निर्माण | बैंक दाखिला भौचर | १६८८१३४ | १६८८१३४ | ० | | |
| | | | ५६ | नियमानुसारको जग्गा खरिद नभएको | नगर सभाले नियमित गरेको | ११२०००० | ० | ११२०००० | जग्गा प्राप्त ऐन बमोजिम नदेखिएकोले | |
| | | | ६० | अमानतबाट सडक सरसफाइ र मर्मतकार्य गरिएको | नगर सभाले नियमित गरेको | ४४६६९१२ | ४४६६९१२ | ० | | |
| | | | जम्मा रु | | | ० | ० | ० | | |
| | | | **आ.व.२०७५/०७६ को बेरुजु** | | | ० | ० | ० | | |
| | | | २६ | ऋणात्मक मौज्दात | नगर सभाले | १३९०७१२८ | ० | १३९०७१२८ | आर्थिकविवरणमा परेको असरको संसोधित आर्थिक | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | नियमित गरेको | | | | विवरण पेश नभएको |
| २७ | उपभोक्ता समुह विच प्रतिसपर्धागराएको | नगर सभाले नियमित गरेको | ४०८०९०० | ४०८०९०० | ० | |
| ३१ | राजश्व अभिलेख नभएको | नगर सभाले नियमित गरेको | २१५८९६३० | ० | २१५८९६३० | स्पष्ट अभिलेख नभएको र रु १ करोड भन्दा बढी भएकोले |
| | जम्मा रु | | ० | ० | ० | |
| **आ.व.२०७६/०७७ को बेरुजु** | | | ० | ० | ० | |
| २ | बैंक स्टेटमेन्ट रश्रेष्तामाभुलबस दोहोरो आम्दानि बाँधिएको र चालु पुजिगत खातामा दोहोरो निकाशाजनाइएको | नगर सभाले नियमित गरेको | ८६७८६६८८.५६ | ० | ८६७८६६८८.५६ | आर्थिकविवरणमा परेको असरको संसोधित आर्थिक विवरण पेश नभएको |
| २६ | पदाधिकारीको सेवा सुविधा | बैंक दाखिला भौचर | १४३०००० | १४३०००० | ० | |
| ६४ | कमल वि.क.को विल भन्दा बढिभूक्तानि | बैंक दाखिला भौचर | ८०६५ | ८०६५ | ० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ६८ | बाबुराम विष्टको प्रमाण वेगर खर्च | बैंक दाखिला भौचर | ५६६०० | ५६६०० | ० | | |
| | | | ६८,७१,७७, ९१,९४ | प्रमाण वेगर खर्च | नगर सभाले नियमित गरेको | १५६११६० | १५६११६० | | | |
| | | | ८७ | सक्कलि बिल नराखिएको | नगर सभाले नियमित गरेको | ४३९१९१ | ० | ४३९१९१ | सक्कल प्रमाण नभएको | |
| | | | ८८ | अमानतबाट कार्य गरिएको | नगर सभाले नियमित गरेको | २३०१००० | २३०१००० | ० | | |
| | | | ८९ | कार्यविधि र मपदन्ड बेगर खर्च | नगर सभाले नियमित गरेको | ६४३८४५० | ६४३८४५० | ० | | |
| | | | ९० | दक्ष जनसक्तिको अभाबमा उपभोक्तासमितिबाट बढि लागतमा उड कटिङ्ग मेसिन खरिद | नगर सभाले नियमित गरेको | ४८९५००० | ० | ४८९५००० | उपभोक्ता समितिबाट बस्तु खरिद भएकोले | |
| | | | ९५ | अर्थ मन्त्रालयको स्विकृत | नगर सभाले | ३३४४७० | ३३४४७० | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | विनाप्राविधिक भत्ता उपलब्ध गराएको | नियमित गरेको | | | | | |
| | | | १०९ | ग्याविन जालिको खरिद कोहस्तान्तरण फारम नभएको | नगर सभाले नियमित गरेको | २५२४४२० | २५२४४२० | ० | | |
| | | | ११० | बसेरा खदि सडक निर्माण तथा ममर्त | बैंक दाखिला भौचर | ६०९०३० | ६०९०३० | ० | | |
| | | | ९१ र ९७ | गणतान्त्रिक श्रम सहकारी संस्थालि. | बैंक दाखिला भौचर | २२५१६८ | २२५१६८ | ० | | |
| | | | ११० | ठूलिभरी सडक निर्माण | बैंक दाखिला भौचर | १२९४७० | १२९४७० | ० | | |
| | | | ११० | नगर अस्पताल सडक निर्माण | धरौटि सदरस्याहा | २४००६९ | २४००६९ | ० | | |
| | | | ११५ | बसेरा खदि सडक निरमाण | धरौटि सदरस्याहा | २०४०६ | २०४०६ | ० | | |
| | | | ११४ | वडा स्तरिय कृषि सडक निर्माण | धरौटि सदरस्याहा | १२९४५० | १२९४५० | ० | | |
| | | | ११४ | नदुवा ठूलिमाइ कालाखोला गिजा सडकनिर्माण | धरौटि सदरस्याहा | ११०६९२ | ११०६९२ | ० | | |
| | | | ११४र ११५ | लामाधारा झिन्चौर सडक निर्माण | धरौटि सदरस्याहा | ११८८५२ | ११८८५२ | ० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ११४ | झारमखोला सडक | धरौटि सदरस्याहा | ११८८० | ११८८० | ० | | |
| | | | ११५ | धैरेना सिंचाइ तथा सडक | धरौटि सदरस्याहा | १४०६५ | १४०६५ | ० | | |
| | | | ११४ | | बैंक दाखिला भौचर | ५०२८ | ५०२८ | ० | | |
| | | | ११५ | काफलचौर देखि भयाउने कृषि सडक | धरौटि सदरस्याहा | १८३२९० | १८३२९० | ० | | |
| | | | ९३ | गिजा चौर सिंचाइ | धरौटि सदरस्याहा | ३३८०८ | ३३८०८ | ० | | |
| | | | ९६ | सुरेश वि क.नलगाड कन्सट्रसन | बैंक दाखिला भौचर | ८६६५१ | ८६६५१ | ० | | |
| | | | ११५ | बसेरा खदि सडक निर्माण | बैंक दाखिला भौचर | ६१४४१.८३ | ६१४४१.८३ | ० | | |
| | | | १०२ | न्यु देबकोटा हार्डयर एण्डसप्लार्यस | काजग प्रमाण पेश | २५२४४२० | २५२४४२० | ० | | |
| | | | ९१ | गणतान्त्रिक श्रम सहकारी संस्थालि. | काजग प्रमाण पेश | ८१०००० | ८१०००० | ० | | |
| | | | ९० | टेक डिपो प्रा.लि. | काजग प्रमाण पेश | ४८५९००० | ४८५९००० | ० | | |
| | | | ७५ | प्रमाण वेगर खर्च | काजग प्रमाण पेश | २२५००० | २२५००० | ० | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>९५</td><td>प्रमाण वेगर खर्च</td><td>काजग प्रमाण पेश</td><td>४०५१२५</td><td>४०५१२५</td><td>०</td><td></td></tr>
<tr><td>११०</td><td>विल भर्पाइ बेगर खर्च</td><td>काजग प्रमाण पेश</td><td>४१२०६.१</td><td>४१२०६.१</td><td>०</td><td></td></tr>
<tr><td>७१</td><td>खर्च प्रमाण पुष्टि</td><td>काजग प्रमाण पेश</td><td>४६९५६०</td><td>४६९५६०</td><td>०</td><td></td></tr>
<tr><td>७२६७</td><td>कानुनी उपचार केन्द्र बालाजु</td><td>बैंक दाखिला</td><td>१३६५०</td><td>१३६५०</td><td></td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१३५४५३७२३</td><td>६४६९०७८६</td><td>७०७६२९३८</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६३</td><td></td><td></td><td>
अद्यावधिक बेरुजु<br><br>
यस पालिकाको २०७८।७९ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ ।<br>
रु हजारमा
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)</th><th>यो वर्ष कायम बेरुजू(C)</th><th>संपरीक्षणबाट कायम बेरुजू(D)</th><th>अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D)</th></tr>
<tr><td>१९७९५७</td><td>६४६९१</td><td>२३८६८</td><td>०</td><td>१५७१३४</td></tr>
</table>
</td><td></td></tr>
</table>